अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १८ / २०८३ मंसिर ११ गते शुक्रबार / नेपाल सम्वत ११४७ / Nov. 27, 2026 / मूल्य रू. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

एकै पटक निर्वाचन गराउन संविधान नै बाधक ?

काठमाडौं । निर्वाचन आयोगले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकै पटक गराउँदा एउटै खर्चमा दुवै निर्वाचन हुन सक्ने भन्दै एक चरण राजनीतिक दलहरूसँग सामान्य छलफल गरेको छ । संविधानमा स्थानीय तह र प्रदेशसभाको कार्यकाल पाँच वर्षको हुने उल्लेख भएको छ ।

स्थानीय तहका जनप्रतिनिधिहरूको पदावधि आउँदो जेष्ठ २०८४ मा समाप्त हुनेछ भने कानुनमा पदावधि सकिनु दुई महिना अघि नै निर्वाचन गराउनुपर्ने व्यवस्था गरेको छ भने प्रदेशसभाका पदावधि २०८४ मंसिरमा मात्र समाप्त हुनेछ । यसरी स्थानीय तह र प्रदेशसभाका पदावधि अलग अलग समयमा समाप्त हुने भएकाले के एकै पटक निर्वाचन आयोगले भनेनुसार आउँदो चैत्रमा स्थानीय तहको निर्वाचन गराउन आयोगलाई कुनै समस्या

>>> बाँकी ८ पेजमा

निर्वाचन आयोग र दलहरूको सहमतिमा संविधान उल्लंघन गर्न मिल्छ ?

काठमाडौं । स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकै पटक गराउने निर्वाचन आयोगले कार्य अघि बढाएको भएपनि त्यसमा राजनीतिक दलहरूले सहमति जनाएका छैनन् । आयोगले केही दिन पहिला त्यस विषयमा राष्ट्रिय दलको मान्यता पाएको राजनीतिक दलहरूसँग सामान्य छलफल गरेपनि कुनै निर्णय हुन सकेको छैन । केही राजनीतिक दलका शिर्ष नेताहरूले स्थानीय तह र प्रदेशसभाको पदावधि सकिने म्याद संविधानले नै निर्धारण गरेको हुनाले सोही अनुसार निर्वाचन हुनुपर्ने राय आयोगलाई दिएको भएपनि त्यस विषयमा राजनीतिक दलहरु नै एकमत हुन सकेका छैनन् ।

स्थानीय तहका जनप्रतिनिधिहरूको म्याद आउँदो

>>> बाँकी ८ पेजमा

चीन र भारतसहितका १४ देशमाथि नयाँ भन्सार शुल्क लगाउने अमेरिकी राष्ट्रपति ट्रम्पले गरे घोषणा

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन, भारत र युरोपेली संघ सहित १४ देश तथा क्षेत्रबाट आयात हुने वस्तुमा नयाँ भन्सार शुल्क लगाउने घोषणा गर्नुभएको छ ।

प्रस्तावित शुल्कमध्ये चीनमाथि सबैभन्दा बढी ४० प्रतिशतसम्म, भियतनाममाथि ३५ प्रतिशतसम्म तथा अन्य देशमाथि २० देखि २५ प्रतिशतसम्म शुल्क लगाउने योजना रहेको छ । नयाँ शुल्क आगामी वर्षदेखि लागू हुने अपेक्षा गरिएको छ ।अमेरिकी सर्वोच्च अदालतले ट्रम्पले यसअघि घोषणा गर्नुभएको 'लिबरेसन डे' भन्सार

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्रीज्यू मेयर हुँदा लेखेको स्टाटस सम्झिनु हुन्छ कि ?

राष्ट्रिय सहमति विनाको भारत भ्रमण हल्ला धेरै उपलब्धि थोरै ?

देवेन्द्र चुडाल



काठमाडौं । प्रधानमन्त्री बालेन साहले दक्षिणी छिमेकी मुलुक भारतको मंसिर ६ र ७ गते राजकीय भ्रमण गरेका छन् । सो भ्रमणका क्रममा नेपाल र भारतबीचमा विभिन्न सहमति समेत भएको छ । तर विगतमा समेत यस्तै सहमति दुवै देशबीच हुने गरेका भएपनि भारतीय पक्षले सहमतिलाई कार्यान्वयन नगरेको इतिहास साँक्षी रहेको छ । प्रधानमन्त्री साहले आफ्नै मुलुकका राजनीतिक दलहरूलाई समेत विश्वासमा लिने प्रयाससम्म गरेका छैनन् ।

राजनीतिक दलहरु मध्येका मुख्य राजनीतिक दलहरु अर्थात राष्ट्रिय मान्यता प्राप्त दल जो संसदमा समेत उपस्थित रहेका छन् । उनीहरूलाई समेत आफूँ भारत भ्रमण जानुअघि भेटघाट गरी उनीहरूलाई समेत सुझाव माग्ने र उनीहरुको समेत सहयोग र समर्थन गरेर भारत भ्रमणका गएका भए प्रधानमन्त्री साहलाई नै बल पुग्ने थियो तर उनले आफ्नो भारत भ्रमणका बारेमा नत राष्ट्रपतिलाई जानकारी गराए नत अन्य राजनीकि दललाई नै ।

बालेन साह काठमाडौ महानगरको मेयर रहेका बेला तत्कालिन प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा जाने तयारीमा थिए । त्यस बेला मेयर साहले २०८२ भाद्र १४ गते सामाजिक सञ्जालमा स्टाटस लेखेका थिए त्यो स्टाटस अहिले चर्चाको विषय बनेको छ । स्टाटसमा लेखिएको थियो तपाईको चीन भ्रमणलाई शुभकामना छ भन्दै शुभकामना दिँदै लेखेका थिए नेपालको लिपुलुक नाकाबाट व्यापार पुनः सञ्चालन गर्ने भारत र चीनको सहमतिले हाम्रो सार्वभौमिकतामाथि अतिक्रमण गरेको छ त्यो हाम्रो नै हो भन्ने कुरा चीनलाई सम्झाउनु नविर्सनुहोला । अल द वेष्ट हामीलाई तपाईमाथि पूर्ण विश्वास छ । उक्त स्टाटस लेख्ने उनै बालेन साह प्रधानमन्त्रीका रूपमा भारतको २ दिने राजकीय भ्रमणगरेर नेपाल फर्किसकेका छन् । तर झण्डै दुई तिहाई मत पाएर शक्तिशाली प्रधानमन्त्री बनेका साहले भारत भ्रमणका बेला बर्षौंदेखिको सीमा

>>> बाँकी ८ पेजमा

विवादित मुद्दा थाती, आर्थिक सहायतामा भने प्रगति

काठमाडौं । प्रधानमन्त्री बालेन साहले यहि मंसिर ६ र ७ गते दक्षिणी छिमेकी मुलुक भारतको २ दिने राजकीय भ्रमण गरेका छन् । भ्रमणका क्रममा उनले भारतीय राष्ट्रपति, प्रधानमन्त्री सहित उच्चस्तरीय केही व्यक्तिहरूसँग भेटवार्ता गरेका थिए । सो भ्रमणमा नेपालले भोगिरहेका समस्याका बारेमा प्रश्न उठाउने विश्वास नेपाली जनतालाई थियो । तर, विवादित विषयमा प्रधानमन्त्री साहले आफ् ना समकक्षी भारतीय प्रधानमन्त्रीसँग कुनै कुरा नउठाएको प्रष्ट भएको छ । विकास आयोजना र आर्थिक सहायतामा केही प्रगति भएजस्तो देखिएपनि कार्यान्वयन कसरी हुनछ भन्ने मुख्य प्रश्न रहेको छ ।

थाती रहेका विषयहरु यी हुन् । कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ता सहितको सीमा विवाद बहुप्रतिक्षित १९५० को शान्तिमैत्री सन्धीको पुनरावलाकन इजीपी प्रतिवेदनको कार्यान्वयन, सार्क संगठनको सक्रियता, व्यापार तथा पारवहन भारतसँग नेपालको बढ् दो घाटा, भारतीय बजारमा नेपाली सामानको पहुँच, भारतमा बसोबास गर्ने नेपाली नागरिकले भोग्दै आएका समस्या र पञ्चेश्वर बहुउदेश्यीय परियोजनालाई थाती राखिएको छ भने सहमति भएका विषयहरुमा भोटेकोशी बाढीपछि

>>> बाँकी ८ पेजमा

एउटै निर्वाचन चिन्ह लिएर निर्वाचनमा जाँदै मधेशवादी दलहरू

काठमाडौं । मधेशवादी दलहरु, जसपा नेपाल, जनमत, प्रगतिशिल लोकतान्त्रिक आम जनता र नागरिक उन्मुक्ति गरी यी पाँच राजीतिक दलहरूले आगामी स्थानीय तह र प्रदेश सभाको निर्वाचनमा साझा निर्वाचन चिन्ह लिएर निर्वाचनमा जाने तयारी गरिररहेका छन् ।

यी पाँचै दलका शिर्ष नेताहरूले त्यस विषयमा निर्वाचन आयोगसँग परामर्श समेत गरेका छन् । यसरी पाँच दल एउटै निर्वाचन चिन्ह लिएर निर्वाचनमा जानसक्ने व्यवस्था राजनीतिक दल सम्बन्धी ऐनको तफा ४९ मा एकल निर्वाचन चिन्ह लिएर निर्वाचनमा भाग लिन सक्ने व्यवस्था रहेको छ ।

निर्वाचन प्रयोजनका लागि मान्यता प्राप्त गर्न चाहने दुई दल वा सो भन्दा बढी दलको कुनै दलले प्राप्त गरेको निर्वाचन चिह वा अन्य कुनै निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रूपमा निर्वाचनमा सहभागि हुने गरी निर्वाचन आयोगमा निवेदन दिन सक्ने व्यवस्था रहेको छ ।

ऐनमा भनिएको छ, संयुक्त रूपमा निर्वाचनमा सहभागि हुने दलको तर्फबाट उम्मेदवारी दिँदा त्यस्तो उम्मेदवार कुन दलसँग सम्बन्धित हो त्यो समेत खुलाउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।


दुई वा दुई भन्दा बढी दल संयुक्त रूपमा निर्वाचनमा सहभागि भएकोमा त्यस्तो दलमध्ये सबैभन्दा बढी सिट प्राप्त गर्ने दलको नाममा एउटामात्र संसदीय दल गठन हुनेछ र यसरी संयुक्त रूपमा निर्वाचनमा सहभागि भएका अन्य दलको पहिलो हुने निर्वाचन प्रणाली र

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्रीको भारत भ्रमण विगतकै निरन्तरता

काठमाडौं । प्रधानमन्त्री बालेन साहको दुई दिने भारत भ्रमणमा केही सहमति केहीमा सम्झौता र धेरै विषयहरु थाती राखिएका छन् । कुटनीतिक भ्रमणको सफलता सम्झौता र सहमतिका संख्यालाई मात्र मापन गर्न सकिँदैन । त्यहाँ उल्लेख भएका विषयहरूले राष्ट्रियहितको मुद्दालाई सम्बोधन गऱ्यो कि गरेन् भन्ने मुख्य आधार हो ।

दुई देशबीचको असमानता र अविश्वास घटाउने कार्यमा कति योगदान पुग्यो भनेर जनताको जीवनस्तर उठाउन कति सहयोग पुग्यो ? मुलुकको अर्थतन्त्रमा कस्तो परिर्वन ल्याउन सक्छ भन्ने आधारमा यसको मूल्यांकन हुनुर्पछ । छिमेकीसँगको सम्बन्ध सुधार, सहकार्य र प्राथमिकता दिनु स्वागतयोग्य



भएपनि भ्रमणले दुई देशको आर्थिक अवस्था, अर्थतन्त्रमा सुधार र कुटनीतिक क्षेत्रमा कति कस्ता असर पऱ्यो भन्ने नै मुख्य आधार हो ।

यस पटकको भ्रमणले हवाई रूटका विषयमा एक कदम अगाडि बढ्नु र तेस्रो मुलुकसँगको व्यापार घाटा कम गर्न थप दुई बन्दरगाह उपलब्ध हुन र सहुलियत रूपमा अनुदानको रूपमा नेपालले अपेक्षा गरेभन्दा बढी रकम पाउनुलाई उपलब्धिकै रूपमा लिनुपर्दछ । यस अघि २०७२ सालको भूकम्पपछि पनि भारतले ठुलो मात्रामा अनुदान र सहुलियतपूर्ण ऋण दिएको थियो ।

तर त्यो कार्यान्वयन नै हुन सकेन । अनुदान रकम र सहुलियतपूर्ण ऋण

>>> बाँकी ८ पेजमा

के एकै पटक स्थानीय तह र प्रदेशको निर्वाचन होला ?

काठमाडौं । स्थानीय तह र प्रदेशसभाको निर्वाचनको मिति नजिकिँदै गर्दा प्रायः सबै राजनीतिक दलहरूले निर्वाचनलाई प्राथमिकतामा राखेर त्यसै अनुरूप अघि बढ्दै गएका छन् । पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राप्रपा लगायतका दलहरु आ आफ्नै पाराले अघि बढिरहेका भएपनि नेपाली कांग्रेस भने विभाजित अवस्थामा रहेकाले कांग्रेसलाई स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा संकट पर्न सक्ने सम्भावना देखिन्छ । मधेशवादी दलहरु भने एउटै निर्वाचन चिन्ह लिएर निर्वाचनमा जान सहमत भइसकेका छन् । त्यसरी सहमत हुने मधेशवादी

>>> बाँकी ८ पेजमा

Recognition of Pakistan's nuclear security regime by IAEA

Nahl Ishtiaq

Nuclear security, which is a national responsibility, receives the highest level of attention in Pakistan. The International Atomic Energy Agency's recognition of Pakistan's robust nuclear security regime, effective physical protection measures and established regulatory mechanisms, during its October 2026 International Physical Protection Advisory Service mission, constitutes a significant international endorsement of Pakistan's commitment to maintaining a strong and reliable NSR.

Pakistan has established a comprehensive NSR at par with the guidelines of IAEA and international best practices. Its three key elements include: (i) legislative and regulatory framework; (ii) institutions and organizations; and (iii) systems and measures. Its legislative framework comprises six instruments: (i) Pakistan Atomic Energy Commission Ordinance (1965); (ii) Customs Act (1969); (iii) Pakistan Nuclear Regulatory Authority Ordinance (2001); (iv) Strategic Export Control Act (2004), (v) National Command Authority Act (2010); and (vi) National Disaster Management Authority Act (2010).

At the international level, Pakistan is party to various instruments including the Convention on Physical Protection of Nuclear Material (CPPNM) and its 2005 Amendment, Convention on Nuclear Safety (CNS), Convention on Early Notification of a Nuclear Accident (Early Notification Convention) and Convention on Assistance in the Case of a Nuclear Accident or Radiological Emergency (Assistance Convention).

This legal foundation forms part of a wider normative architecture that aligns Pakistan's NSR with international standards. Pakistan subscribes to the IAEA Code of Conduct on the Safety and Security of Radioactive Sources and its two supplementary guidance documents: (i) Guidance on Import and Export of Radioactive Sources; and (ii) Guidance on Management of Disused Radioactive Sources. Its obligations under UN Security Council Resolutions 1373 (2001), 1540 (2004) and 1887 (2009) further anchor its approach in the international framework for counterterrorism and preventing the proliferation of weapons of mass destruction.

Pakistan's NSR rests on nine institutions. These are: (i) Pakistan Nuclear Regulatory Authority (PNRA); (ii) National Command Authority (NCA); (iii) Security Division; (iv) Pakistan Atomic Energy Commission (PAEC); (v) Strategic Export Control Division (SECDIV); (vi) Pakistan Customs; (vii) Pakistan Institute of Engineering and Applied Sciences (PIEAS); (viii) National Institute of Safety and Security (NISAS); and (ix) Pakistan Centre of Excellence for Nuclear Security (PCENS). These institutions have played an important role in strengthening Pakistan's nuclear security architecture and contributing to international best practices to attain the highest possible standard of excellence.

Pakistan has deployed nuclear security systems and measures in accordance with national and international obligations. Multilayered defence is the cornerstone of Pakistan's nuclear security architecture. It is based on the concept of 5Ds: deter, detect, delay, defend and destroy. The key elements of this framework include Physical Protection Systems (PPS); Nuclear Material Accounting and Control (NMAC); Intelligence; Personnel Reliability Programme (PRP); Inspection and Evaluation; and Response and Mitigation.

A robust NSR is the hallmark of Pakistan's institutional maturity, regulatory excellence and responsible stewardship of nuclear technology. By inviting IAEA's IPPAS for review, Pakistan set a precedent in national responsibility and global cooperation for countries in the region and beyond. The Nuclear Threat Initiative's Nuclear Security Index ranks Pakistan among the top-performing countries in terms of its domestic nuclear security commitments and capacity. Pakistan also places all its nuclear power reactors under IAEA safeguards. Pakistan's NSR is dynamic in character and has intrinsic capability to meet the evolving security threat spectrum.

Pakistan has established a Nuclear Emergency Management System (NEMS) to respond to nuclear and radiological emergencies. Under this system, PAEC and PNRA provide technical expertise, NDMA handles administrative coordination, while the NCA, through the Nuclear and Radiological Emergency Support Centre (NuRESC), coordinates the response. NuRESC works with PAEC Emergency Response Coordination Centre (PERCC) and National Radiation Emergency Coordination Centre (NRECC) to ensure a coordinated response. NEMS aims to address the complete spectrum of nuclear and radiological emergencies. It is based on ownership of responsibility, centralized control and decentralized execution.



Pakistan has also implemented a comprehensive National Nuclear Detection Architecture (NNDA) to detect and prevent illicit trafficking of nuclear and radioactive materials. Radiation detection equipment has been installed at the country's entry and exit points, supported by technical reach-back facilities to assess detected materials and ensure their safe removal or storage. An Integrated Cargo Container Control (IC-3) facility has been operational at Port Qasim since 2007.

Five decades of experience of safe and secure operations of civil nuclear power plants has enabled Pakistan to gain rich experience in the field of nuclear security through continuous engagement with the IAEA. Pakistan shares its extensive experience in the area of nuclear security with other countries under the auspices of the IAEA. During his visit to Pakistan in February 2025, Director General of IAEA Rafael Grossi, underscored that Pakistan is well-positioned to assist other IAEA member states in peaceful nuclear applications.

Pakistan, in collaboration with IAEA, organised international training courses and workshops on nuclear security in 2016, 2018 and 2019. These programnes brought together participants from various countries including Belarus, China, Egypt, Ghana, Indonesia, Jordan, Kazakhstan, Kenya, Malaysia, Morocco, Nigeria, Romania, Spain, Sudan, Thailand, Uzbekistan and Vietnam to strengthen expertise in regulatory oversight, nuclear security authorisation and the evaluation of physical protection systems.

The 2016 meeting of the International Network for Nuclear Security Training and Support Centres hosted by Pakistan was the first time this meeting was held outside IAEA Headquarters, bringing together 56 officials from 29 countries. PCENS has trained 156 foreign participants from more than 40 IAEA Member States.

A robust NSR is the hallmark of Pakistan's institutional maturity, regulatory excellence and responsible stewardship of nuclear technology. By inviting IAEA's IPPAS for review, Pakistan set a precedent in national responsibility and global cooperation for countries in the region and beyond. The Nuclear Threat Initiative's Nuclear Security Index ranks Pakistan among the top-performing countries in terms of its domestic nuclear security commitments and capacity. Pakistan also places all its nuclear power reactors under IAEA safeguards. Pakistan's NSR is dynamic in character and has intrinsic capability to meet the evolving security threat spectrum.

नयाँ ऊर्जा मिश्रण नीतिमार्फत पिपिए खुलाउने तयारी

काठमाडौं । सरकारले आगामी १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यअनुसार नयाँ ऊर्जा मिश्रण (इनर्जी मिक्स) नीति तयार गर्ने प्रक्रिया अघि बढाएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विभिन्न ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युतको अनुपात निर्धारण गर्ने गरी नयाँ ढाँचा बनाउन लागेको हो।

नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि लामो समयदेखि प्रभावित विद्युत् खरिद सम्झौता (पिपिए) प्रक्रिया पुनः अघि बढ्ने अपेक्षा गरिएको छ।

मन्त्रालयले तयार गर्न लागेको नयाँ ढाँचामा नदी प्रवाही (आरओआर), अर्धजलाशययुक्त (पिआरओआर), जलाशययुक्त, पम्प स्टोरेज, सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युतको हिस्सा निर्धारण गरिनेछ। यसले आगामी दशकमा कुन प्रकृतिका आयोजना कति आवश्यक छन् भन्ने आधार तय गर्नेछ। हाल नेपालको कुल जडित विद्युत् उत्पादन क्षमता करिब चार हजार दुई सय मेगावाट पुगेको छ। कुल उत्पादनमा नदी प्रवाही जलविद्युत् आयोजनाको हिस्सा ठुलो छ। यस्ता आयोजनाबाट वर्षायाममा बढी र हिउँदमा कम विद्युत् उत्पादन हुने भएकाले मौसमी असन्तुलन व्यवस्थापन गर्न ऊर्जा स्रोतको विविधिकरण आवश्यक देखिएको छ।

यसअघि १५ हजार मेगावाट उत्पादन लक्ष्यलाई आधार मानेर ऊर्जा मिश्रण निर्धारण गरिएको थियो। तर, सरकारले अहिले ३० हजार मेगावाट उत्पादनको लक्ष्य अघि सारेपछि पुरानो ढाँचाले दीर्घकालीन ऊर्जा आवश्यकता सम्बोधन गर्न नसक्ने निष्कर्षसहित नयाँ नीति बनाउन लागिएको हो। सन् २०१६ मा जारी राष्ट्रिय ऊर्जा संकट निवारण नीति तथा विद्युत् विकास दशक (२०१६-२०२६) ले पहिलोपटक विभिन्न स्रोतबाट विद्युत् उत्पादनको अनुपात निर्धारण गरेको थियो। उक्त नीतिमा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनालाई ४० देखि ५० प्रतिशत र अर्धजलाशययुक्त आयोजनालाई १५ देखि २० प्रतिशत हिस्सा दिने लक्ष्य राखिएको थियो।

पछि १५ हजार मेगावाट उत्पादन लक्ष्यअनुसार तयार गरिएको ऊर्जा मिश्रणमा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ३० देखि ३५ प्रतिशत, नदी प्रवाहीको २५ देखि ३० प्रतिशत, अर्धजलाशययुक्तको ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक ऊर्जाको ५ देखि १० प्रतिशत कायम गरिएको थियो। सौर्य ऊर्जाको हिस्सा पनि करिब १० प्रतिशत पुर्याउने प्रस्ताव गरिएको थियो।

२०७९ असारमा मन्त्रिपरिषद्ले नदी प्रवाही आयोजनाको हिस्सा बढाएर ४० देखि ४५ प्रतिशत कायम गरेपछि पिपिए प्रक्रिया पनि सोहीअनुसार अघि बढाइएको थियो। त्यसपछि नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले एक हजार पाँच सय मेगावाटसम्म क्षमताका नदी प्रवाही आयोजनाको विद्युत् खरिद सम्झौता स्वीकृत गरेको थियो।

गत आर्थिक वर्षको बजेटमार्फत नदी प्रवाही आयोजनामा 'टेक एन्ड पे' व्यवस्था लागू भएपछि पिपिए प्रक्रिया थप प्रभावित भएको थियो। त्यसयता नदी प्रवाहीसँगै अर्धजलाशययुक्त आयोजनाको पिपिए प्रक्रिया पनि रोकिएको छ।

प्राधिकरणका अनुसार हालसम्म ४०४ वटा नदी प्रवाही आयोजनासँग ६ हजार ७१३.४४ मेगावाट, ५१ वटा अर्धजलाशययुक्त आयोजनासँग चार हजार १८६.८१ मेगावाट र एउटा जलाशययुक्त आयोजनासँग १४० मेगावाट विद्युत् खरिद सम्झौता भइसकेको छ। तर, थप २८१ आयोजनाका कुल १६ हजार ४२५.७७ मेगावाट क्षमताका आयोजना पिपिएको प्रतीक्षामा छन्। पिपिए हुन नसक्दा आयोजना विकासका लागि आवश्यक वित्तीय व्यवस्थापनमा समेत समस्या हुँदै आएको छ।

बैंक तथा वित्तीय संस्थाले विद्युत् बिक्रीको सुनिश्चितता खोज्ने भएकाले पिपिएलाई आयोजना निर्माणका लागि लगानी जुटाउने प्रमुख आधार मानिन्छ। त्यसैले नयाँ ऊर्जा मिश्रणले पिपिए प्रक्रिया अघि बढाउन सहयोग पुग्ने र निजी क्षेत्रको लगानी, आयोजना निर्माण तथा रोजगारीका अवसर विस्तार हुने अपेक्षा गरिएको छ।


नयाँ ऊर्जा मिश्रणमा वैकल्पिक ऊर्जा स्रोतलाई समेत प्राथमिकता दिने तयारी छ। यसअघि नेपालको विद्युत् उत्पादन योजना मुख्यतः जलविद्युतमा केन्द्रित रहँदै आएको थियो। पछिल्लो समय सौर्य ऊर्जाको विकास विस्तार हुँदै गए पनि वायु ऊर्जाको योगदान भने न्यून छ।

जलविद्युतमा अत्यधिक निर्भर रहँदा हिउँदमा उत्पादन घट्ने र माग धान्न भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ। यस्तो निर्भरता कम गर्न सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतलाई राष्ट्रिय ऊर्जा प्रणालीमा समेट्ने तयारी गरिएको हो। यी स्रोतको सम्भावना र उत्पादन क्षमताबारे मन्त्रालयले अध्ययन गरिरहेको छ।

नयाँ ऊर्जा मिश्रणले वर्षायाम र हिउँद दुवैमा विद्युत् आपूर्तिको सन्तुलन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। विशेषगरी जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाले ऊर्जा भण्डारण र मागअनुसार विद्युत् आपूर्ति व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। त्यस्तै, सौर्य तथा वायु ऊर्जाको विकासले उत्पादनका स्रोतमा विविधता थप्नेछ।

नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि नेपाल विद्युत् प्राधिकरणले आयोजनाको प्रकृति र आवश्यकताका आधारमा पिपिए प्रक्रिया अघि बढाउन सक्ने अपेक्षा गरिएको छ। यसबाट लगानीको प्रतीक्षामा रहेका हजारौँ मेगावाट क्षमताका आयोजना विकासको चरणमा प्रवेश गर्ने सम्भावना छ। सरकारले राखेको ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उत्पादन क्षमता विस्तारसँगै आन्तरिक खपत, प्रसारण पूर्वाधार र अन्तरदेशीय विद्युत् व्यापारलाई पनि समानान्तर रूपमा अघि बढाउनुपर्ने चुनौती छ। उत्पादन वृद्धि मात्रै पर्याप्त नहुने भएकाले मौसमी मागअनुसार विद्युत् उपलब्धता सुनिश्चित गर्नुका साथै निर्यात बजार विस्तारमा समेत ध्यान दिनुपर्ने देखिन्छ। नेपालले भारतसँगै बंगलादेशसम्म विद्युत् निर्यातको सम्भावना विस्तार गरिरहेको अवस्थामा सन्तुलित ऊर्जा मिश्रणले निर्यातयोग्य विद्युत् उत्पादन बढाउन सहयोग पुर्याउन सक्छ। यसले विद्युत् व्यापारमार्फत विदेशी मुद्रा आर्जन गर्ने अवसरसमेत विस्तार गर्ने अपेक्षा गरिएको छ।

परिवर्तनको ८ महिनामै राष्ट्र उठ्न थालेको हो ?



• राजन कार्की
rajan2012karki@yahoo.com

समाजमा अनेक प्रकारका चर्चा परिचर्चा छन् । जसरी परिवर्तन भयो, त्यसप्रति अनेक प्रश्न उठाउनेक्रम जारी छ । ८ महिनापछि आएर फागुन २१ को चुनावमा धाँधली भएको दावी प्रतिपक्षीहरूले गर्न थालेका छन् । सडकबाट आन्दोलनको आँधी उठाउँछौं भन्थे, प्रम बालेन दिल्ली पुगेर फर्केको छैन, आँधी सेलायो । प्रतिपक्षीहरू एकदोस्रालाई हेराहेर गरेर समय कटाइरहेका छन् ।

यसको राजनीतिक र कूटनीतिक अर्थ के हो ? के प्रतिपक्षी एमाले, कांग्रेस, नेकपा राजनीतिक रूपमा पन्चर नै भएका हुन् त ? यसो हो भने स्थानीय चुनावमा पनि यिनको हैसियत फागुन २१ को भन्दा दयनीय हुनेवाला छ । विश्लेषकहरू यसै भन्छन् ।

बालेन साहले आफूलाई जबरजस्त रूपमा उभ्याउन सफल भएका छन् । बालेनको कार्यकालमा नेपालको राजनीति कृष्णभीरको सुख्खा पहिरोभन्दा खतराक मोडमा छ भनिदै थियो भारतबाट फर्कनासाथ एकाएक उनको ताकत बढेको छ । गत भदौ २३ र २४ को जेनजी विद्रोहले लोकतान्त्रिक भनिएका र ठानिएका नेता र व्यवस्था दुबैको ढाडको हाड नै भाँचिदिएको थियो । त्यही जल्दोबल्दो स्थितिमा रास्वपा र बालेन साह पुगेको तर्क गरिदैछ ।

जनादेशले नयाँ पुस्तालाई शक्तिशाली बनायो, सरकारलाई जनताप्रति उत्तरदायी, सक्षम र प्रत्यक्ष वा अप्रत्यक्ष सबै प्रकारका रणनीतिक चुनौतिको सामना गर्ने शिरोभारो सुम्पेको छ । यसकारण प्रम बालेन साह शक्तिशाली छन् । त्यही शक्तिको आडमा प्रम बालेन परिवर्तनको खाका कोर्न थालेको देखिदैछ । उनको सफलता वा असफलता थप केही समयमा समयले नै निर्धारण गर्नेदेखिन्छ । प्रतिपक्षीको बलबुताबाट केही हुनेवाला देखिदैन । किनकि प्रतिपक्षी ठानिएका दलहरू मरीच चाउरिएझैं चाउरिन थालेको आभाष जो कसैले गरेका छन् ।

भारतको सामु लम्पसार परेर जुन राजनीतिक साम्राज्य पुराना दलहरूले बनाएका थिए, ती सबै बालुवाका महल हुनपुगेका छन् । जनादेश प्राप्त बालेनसाहप्रति भारतले सहकार्य र साझेदारीका साथ अघि बढ्ने जुन निर्णय गरेको छ, त्यसले नेपालका पुराना दलहरू दयनीय हुन पुगेका छन् ।

तथापि प्रश्न छ, रास्वपाले जनतासँग जिम्मेवार बन्ने करार गरेको थियो, घोषणापत्रमा परिवर्तन गर्ने प्रतिवद्धता थियो । पार्टी सभापतिले भनेकै हुन्- आमा, बालेनले देश बनाउँछ । यो वाचा पूरा गर्नेतिर प्रम बालेन अग्रसर देखिन्छन् । सक्लान् नसक्लान, परीक्षा सुरू भएको छ ।

प्रम बालेनले अनेक परिवर्तन गरेका छन्, जसले जनताको ध्यान खिचेको छ । चुनाव जितेपछि हुने हाहा हुहु, उद्घाटन, स्वागत, भाषण, सुरक्षाको लावालस्कर, सलामीको क्रम भङ्ग भएका छन् । अनावश्यक रूपमा भीड बोकेर विदेश जाने, मौका परे नागरिक बेचेर आउने, राष्ट्रिय ढुकुटी उडाउने निरन्तरता पनि बन्द भएका छन् । अमेरिका पुगेर ८ घण्टामै फर्कनु, भारत भ्रमणमा जाँदा २५ घण्टामा औपचारिक कार्यक्रम सम्पन्न गरेर फर्कनु मात्र होइन, राष्ट्रसंघमा जुन प्रकारले प्रम बालेन प्रस्तुत भए, त्यसले नेपालको शिर उठेको छ । ८ महिनाको बालेन सरकारको विधि व्यवहारले रूपान्तरणका झिल्का र झल्काहरू देखिएका छन् । त्यसलेस संस्थागत स्वरूप धारण गर्नुपर्नेछ ।

प्रम बालेनले भनेकै हुन्- पहिलोवर्ष सुशासनको वर्ष । भ्रष्टाचारको जरा र शासनसत्तामा लागेका ऐंजेरु छिमोल्ने क्रम तीब्र रूपमा अघि बढेका छन् । दोषीलाई कानुनी दायरामा ल्याउने जिम्मेवार पूरा गर्न अदालत नै विचौलियाको प्रभावमा परेको घटनाक्रमले सरकारलाई गाह्रो परेको छ । लघुवित्त, सहकारी ठग, मिटरव्याज, जनयुद्धपीडित र सुकुमवासीहरूको व्यवस्थापनमा ढिलासुस्ती भएको छ । छिटोभन्दा छिटो भोटेकोशी र अन्य बाढीपहिरो पीडितको व्यवस्थापन गर्दै पूर्वाधार निर्माणमा तीब्रता ल्याउनु छ । काम धेरै छन्, काम गर्न तगोरो हालिरहेका छन् प्रतिपक्षीले । जसरी पनि बालेन सरकार ढाल्न र रास्वपा फुटाउन पाए सत्तामा पुग्न सकिनेथियो भनेर बुढा नेताहरु असन्तुष्टिलाई सडक आन्दोलनको साँचोमा ढाल्ने प्रयास गरिरहेका छन् ।

यथार्थ के हो भने- जेनजी विद्रोहको काँडे कोर्रा खाएका पुराना दल र नेताहरु राजनीतिक सन्निपातले सुकेका छन् । अहिलेसम्म यिनीहरु ढोडको तोक्माबाट उठ्न सकेका छैनन् । यिनीहरु सतिसाल बन्न समय लाग्नेछ, त्यतिबेलासम्म बहुदलपछिको चार दशक शासनको रजगज गरेकाहरूको उमेर साथ नदिनसक्छ । यसकारण यिनले दशैं, तिहार, छठपछि देशव्यापी आन्दोलनको आगो बाल्ने भनेर जुन हुँकार गरेका थिए, त्यो हामी पनि छौं भन्ने हाजीरीभन्दा बढी केही होइन, हुने छाँट छैन ।

यो सरकारले पाएको बिरासत, पुरानै ढर्राको हो । यही बिरासत परिवर्तन चाहने युवा सरकारका सामु जोखिम र चुनौतीको पहाड पनि हो । पुरानो ढर्राको बिरासत र नयाँ युवा सोचका वीच द्वन्द्व चर्कदो छ, परिवर्तनको आधार यही विवादको विजयमा निर्भर देखिन्छ । प्रम बालेन इमानको जगमा उभिएर पुस्तान्तरण र रूपान्तरण स्थापित गर्न चाहन्छन् । यसमा जतिसुकै पार्टीभित्र मतभेद, मनभेद र सभापति तथा प्रधानमन्त्रीवीच खट्पट्को प्रचार भए पनि रास्वपाको साथ र सहयोग कायम छ ।

प्रम बालेन सरकारले विधिको शासन बसाल्न र विधिबाट चल्न चलाउन सक्नुपर्छ । सार्वजकि सेवालाई जनताप्रति उत्तरदायी बनाउनुछ । भ्रष्टाचार गर्ने मनस्थितिलाई त्रसित पार्नुछ । नेपोटिजमको अन्त्य र योग्यता, क्षमता, पारदर्शिताको विश्वास जगाउनुछ । देश पहिले, त्यसपछि देशमा जनअपेक्षाअनुसारको सुधार प्रमुख एजेण्डा हुन् । जसको परिपूर्तिमा बालेन सरकारको सफलताको मापन हुनेछ । रास्वप नयाँ उदय भएको पार्टी र राजनीतिक शक्ति हो । यो पार्टीको संस्थागत वैधताका लागि पनि सरकार सफल हुनैपर्ने सर्त हुन् । अब स्थानीय चुनाव सम्पन्न गरेर संविधान संशोधनको प्रकृया अगाडि बढाउनुछ । यसका लागि सकभर सर्वदलीय सहमति जरुरी छ । जनताले संघीयता चाहेका छैनन्, राजतन्त्रलाई यथास्थान दिनुछ, धर्मनिरपेक्षतालाई हिन्दुराष्ट्रमा फर्काउनुछ । कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिको ध्येय पनि यसमा समावेश हुनसक्छ । संविधान संशोधनका लागि व्यापक सहमति निर्माण भए रास्वप राजनीतिक मूलधार बन्नसक्छ ।

पुराना पार्टी, नेताहरूले बालेन सरकारलाई चुनौती दिए भने बालेन सरकारले मध्यावधिभन्दा पनि सुरिँएर जनमत सङ्ग्रहको निर्णयमा पनि पुग्नसक्छ । प्रतिपक्षीहरु यसैकारण रास्वपा टुक्र्याउने, बालेन र रवि वीच फाटो ल्याउन अनेक दुस्चक्र चलाइरहेको अनुभूति गर्न सकिन्छ । तर यो चाल सफल हुने देखिदैन ।

षडयन्त्रकारी षडयन्त्र गरिरहेका छन् । बालेन सरकार सचेत छ, सचेत हुनुपर्छ । पुराना दलहरूसँग राजनीतिक प्रतिस्पर्धामात्र गर्नुपर्छ र नयाँ परिस्थिति र परिवर्तनको बाहक आफू र आफ्नै दल हो भन्ने भुल्नुहुन्न । कसरी अस्थिरता न्यून हुन्छ, पार्न सकिन्छ भन्ने हरहमेर सोच राख्नुपर्छ । विपक्षी छन् र आफू सच्चिन र सफल हुन सकिन्छ भन्ने पनि हेक्का राख्नुपर्छ । एकदोस्रालाई खुइल्याउने होइन, आफ्ना निर्णय र कायान्वयनको सम्पूर्णतामा सरकारले ध्यान दिनुपर्छ । जसरी संवैधानिक र प्रशासनिक अनुशासन कायम गराउनुछ, त्यसैगरी रोजगारी सिर्जना र युवाहरूलाई सशक्तिकरण पनि गराउनु छ । ४ वर्षमा संसदमा २२ सिट र अहिले झण्डै दुई तिहाईमा फैलिएको रास्वपा र जुद्धशमशेर जबरापछिको ऐतिहासिक सरकार भनेको खेलाची होइन । यो अवसरका लागि जनताले कति विश्वास गरेका रहेछन् भन्ने विषय रास्वपा र प्रम बालेनले बरादानका रूपमा लिनुपर्छ । पुराना शैलीलाई जनताले नकारेका छन्, नयाँ शैलीलाई सकार्ने वातावरण बालेन सरकारको व्यवहारमा निर्भर छ । हेरौं, समयले के भन्छ ?

केही महिनाका वीचमा भोटेकोशी बाढी, अतिवर्षा र पहिरो, दिनहुँका दुर्घटनाका घटनाले सचेत रहनुपर्ने समयको संकेत छ । जलवायु परिवर्तनका कारणले नेपाल उच्च जोखिम छ, यसका लागि बाढी पूर्वानुमान प्रणाली सुदृढ गर्न प्रम बालेनले भनेझैं नेपाल, चीन र भारतले संयुक्त प्रयास गर्नैपर्ने देखिन्छ । आन्तरिक रूपमा आत्मनिर्भरता ल्याउनुछ । युवा अग्रसर नभएसम्म आत्मनिर्भरता आउनसक्नेछैन, यसमा सवल नीति नागरिक चासोमा पर्नेछ । यो सरकारले पाएको ऐतिहासिक जनादेश रणनीतिक स्वायत्ततामा रूपान्तरण नगरी परिवर्तनको नतिजा आउन सक्नेछैन ।

भारत र चीन नेपालका छिमेकीमात्र होइनन्, नेपालका हरेक विषयका साझेदार पनि हुन् । अमेरिकाजस्ता शक्तिराष्ट्रहरूले नेपालको प्रविधि, लगानी, शिक्षा, विकास सहयोग तथा अन्तर्राष्ट्रिय साझेदारीका माध्यमबाट नेपालको प्रगतिमा महत्वपूर्ण भूमिका खेल्नसक्छन् । महाशक्तिहरूको प्रतिस्पर्धा छ, नेपाल कसैको पनि उपकरण बन्ने होइन, सबैसँग असंलग्नताको सम्बन्ध विकास गर्न जरूरी छ । नेपालको मूल नीति सबैसँग साझेदारी, आत्मनिर्भरतातिर उन्मुख, सार्वभौमिकताको रक्षा र भूराजनीतिक महत्वमा आफूलाई उभ्याउने हुनुपर्छ । नेपाल अब बफर स्टेट रहेन, विश्व जगतको साझेदार मुलुक हो । नेपाल यतिबेला जरो गाडेर बसेको दण्डहीनता र भ्रष्टाचारको चक्रव्यूह तोड्ने परीक्षामा छ । सुशासन स्थापित गर्ने कर्तव्य पूरा गर्न अग्रसर छ । यसका लागि सरकार कडा रूपमा प्रस्तुत हुनैपर्छ, विधिको शासनले मात्र यो सम्भव छ । सम्भवलाई सफलतामा उतार्नुछ । समय बालेनको छ, समयलाई उपयोग गरे इतिहास रच्नेछन् ।



पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

प्रधानमन्त्री बालेनको भ्रमणले के सफलता पायो ?

विभिन्न समयमा नेपालका प्रधानमन्त्रीहरूले दक्षिणी छिमेकी मुलुक भारतको राजकीय भ्रमणमा गएका थिए। त्यही क्रममा बालेन साहले समेत २०८३ मंसिर ६ र ७ गते भारतको राजकीय भ्रमण गरेका छन्। यस भन्दा अघिका प्रधानमन्त्रीहरूले भारत लगायतका अन्य देशको भ्रमण गर्दा सबै राजनीतिक दलहरूको सहमति लिएर भ्रमण गर्ने गरेका भएपनि यस पटक रास्वपा नेतृत्वको सरकारका प्रधानमन्त्री बालेनले संसदमा रहेका दलहरूलाई मात्र होइन संसदमै विपक्षी दल रहेको नेपाली कांग्रेसलाई वेवास्ता गर्दै कुनै पनि राजनीतिक दल र तिनका शिर्ष नेताहरू अनि पूर्व प्रधानमन्त्रीहरू कसैसँग पनि आफ्नो भारत भ्रमणको बारेमा भेटघाट नै गरेनन्।

प्रधानमन्त्री बालेन साह मुलुकभित्रै पनि एक्लै अघि बढ्दै गएको जस्तो देखिन्छ। आफूलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने संसदलाई समेत उनले वेवास्ता गर्दै आएका छन्। आफ्नै पार्टीका सासदहरूले समेत उनलाई संसदमा सांसदहरूले उठाएका समस्याका बारेमा सम्बोधन गर्न आग्रह गर्दै आएका भएपनि त्यसलाई वेवास्ता गर्दै उनी अघि बढेका छन्। यहि कारणले गर्दा रास्वपाभित्र समेत प्रश्न उठ्न थालेको मात्र छैन पार्टी र सरकारबीचमा मतभेद समेत सिर्जना भएको छ। प्रधानमन्त्री साह एक्लै अघि बढ्न खोजेको भन्दै विपक्षी दलहरूले चर्को आवाज उठाउँदै आएका भएपनि त्यसलाई वेवास्ता गर्दै प्रधानमन्त्री बालेन अघि बढेका हुनाले पार्टी सभापति रवि लामिछानेले पार्टी र सरकार अलग अलग भएकाले आ आफूले गरेका कामका जिम्मेवारी आ आफूले नै लिनपर्ने बताउँदै आएका हुनाले पार्टी र सरकारबीचको सम्बन्ध राम्रो नभएको प्रष्ट रुपमै देखिन्छ।

बहुदलीय व्यवस्थाको प्राप्तिपछि साढे तीन दशकमा नेपालका १९ जना प्रधानमन्त्रीले भारतको भ्रमण गरेका थिए। तर ती सबैले भारतको भ्रमण सम्पन्न गरेर स्वदेश फर्किँदा उस्तै कुरा बोकेर आएका थिए सीमा समस्या तथा १९५० को सन्धीबारे छलफल जारी राख्ने सहमति पञ्चेश्वरको डिपिआर चाँडै टुँग्याउने प्रतिवद्धता तर त्यस विषयमा आजसम्म कुनै प्रगति भएको छैन भने ३३ औं प्रधानमन्त्रीका रुपमा भारत गएर स्वदेश फर्किएका प्रधानमन्त्री बालेन साहको भ्रमण पनि उपलब्धिमूलक हुन सकेको देखिँदैन।

स्वदेशमै एक्लै हिड्को प्रधानमन्त्री बालेन साहको भारत भ्रमणको उपलब्धि रुपमा केही विषयहरूलाई लिएपनि यसअघिका प्रधानमन्त्रीहरूको भारत भ्रमण र सहमति हेर्दा नेपाल भारतबीचमा केही विषयमा सहमति गरेपनि कार्यान्वयन नहुने यस अघिका प्रधानमन्त्रीका भ्रमणहरूले नै देखाएको छ। त्यही कारणले गर्दा प्रधानमन्त्री बालेनको भारत भ्रमणमा भएका सहमतिहरू सहज रुपमा कार्यान्वयन हुनेमा आशंका उब्जिएको छ। नेपालको गम्भीर सरोकारका मुद्दामा भारत सरकार सहयोगी नभएसम्म र समस्या समाधानका लागि तयार नभएकोले अहिलेसम्मको अनुभवले देखाएकोमा अहिले पनि त्यस्तै भएको छ।

पूर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराई प्रधानमन्त्री रहँदा भारतको भ्रमण गरेका थिए त्यसबेला देखि नेपालले उठाउँदै आएका साँघसीमा र जलस्रोतजस्ता विषय दुवै देशका साझा एजेण्डामा पर्ने गरेका भएपनि अहिलेसम्म ती विषयहरू थाती रहेका छन्। प्रधानमन्त्रीको भारत भ्रमणमा जारी हुने संयुक्त विज्ञप्तिमा तिनै पुरानै विषयहरू मात्र दाहोरिने गरेका छन्। १९५० को सन्धीलाई जस्ताको तस्तै राखेर र समस्यालाई एक मुष्ठ ढँगले सम्बोधन नगरेसम्म नेपालको परनिर्भरता सच्चिन सक्ने सम्भावना न्यून रहेकोमा यस पटकका प्रधानमन्त्रीको भारत भ्रमणमा समेत त्यस विषय सहमति हुन नसकेकोले प्रधानमन्त्रीको भारत भ्रमणलाई उपलब्धिमूलक भन्न सकिने अवस्था देखिँदैन। बहुदलको घोषणापछि अन्तरिम प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराई, मन्त्रिपरिषद्को अध्यक्ष खिलराज रेग्मी, तत्कालिन राजा ज्ञानेन्द्र शाह, पूर्व प्रधानन्यायाधिश सुशिला कार्की समेत सबैलाई जोड्दा बालेन साह ३३ औं प्रधानमन्त्री हुन्। शाह बाहेक १९ जना प्रधानमन्त्री भारत भ्रमणमा गएका भएपनि समस्याहरू जस्ताको तस्तै रहेका छन्। बहुदलीय व्यवस्थाको बहालीपछि पनि विभिन्न समयमा नेपाली प्रधानमन्त्रीहरू भारत भ्रमणमा गएका भएपनि नेपालका समस्याहरू समाधान गर्न भारतले खासै चासो देखाउने नगरेको र स साना कुरामा नेपालका प्रधानमन्त्रीहरूलाई अल्झाएर पठाउने गरेको इतिहास साँक्षी रहेको छ।

तत्कालिन माओवादीले चलाएको सशस्त्र संघर्षको बेला नेपालले भारतको साथ खोजेको भएपनि नेपाल सरकारलाई भारत सरकारले साथ दिएको थिएन। उसले नेपालको आन्तरिक मामिला भन्दै पन्छिएको थियो तर भित्र भित्र माओवादीलाई सहयोग गरेका समाचारहरू प्रकाशित र प्रसारित भएका थिए। यी सबै तथ्यहरूले प्रष्ट हुन्छ भारतले नेपालका राजनीतिक दलहरूलाई समेत आफ्नो स्वार्थअनुसार सञ्चालन गर्न खोज्नु र सरकारलाई पनि त्यही अनुरुप आफ्नो पक्षमा निर्णय गर्न अग्रसर गराउनु यी सबै कारणहरूले गर्दा प्रधानमन्त्री बालेन साहको भारत भ्रमणलाई कुन रुपमा हेर्ने ? लामो समयदेखि विवादमा रहेका भारत नेपाल सीमाबारे कुनै सहमति नभएको र हवाई मार्ग रुटका बारेमा समेत कुनै सहमति नभएकोले गर्दा प्रधानमन्त्री बालेनको भारत भ्रमणमा केही आर्थिक सहयोग र ऋण स्वरुप केही रकम प्राप्त गर्ने र केही आयोजनाहरू सञ्चालन गर्ने सहमतिलाई भ्रमण सफल भएको सरकारले बताएको भएपनि भ्रमणलाई आर्थिक सफलताको रुपमा मात्र हेर्न सकिने हामीले ठहर गरेका छौं।

मौन संघर्षमा योद्धाहरू

आन्विका गिरी

५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता भएपछि नेपालले शान्ति प्रक्रिया, संविधान निर्माण र राजनीतिक पुनःसंरचनाको लामो यात्रा तय गऱ्यो । तर दसवर्षे सशस्त्र द्वन्द्वका सबैभन्दा गहिरा घाउमध्ये एक, यौन हिंसाको प्रश्न दुई दशकपछि पनि अनुत्तरित छ । राज्य र विद्रोही दुवै पक्षबाट भएका यौन हिंसामा पीडितहरूको क्रन्दन सुन्ने यतिबेला कोही नभएको जस्तो भएको छ । समय बित्दै जाँदा सबै घाउ निको नहुँदो रहेछ । शरीरमा नदेखिने कतिपय घाउले मानिसलाई जीवनभर पछ्याइरहन्छ । माओवादी सशस्त्र संघर्षका क्रममा यौन हिंसामा परेका पीडितहरूका लागि द्वन्द्व अन्त्य भएको दुई दशक बित्दा पनि त्यही समयले लखेट्न छाडेको छैन, न त त्यो समय विगत नै बन्न सकेको छ । राजनीतिक व्यवस्था बदलियो, पटक-पटक सरकार परिवर्तन भए र शान्ति प्रक्रियाले लामो यात्रा तय गऱ्यो । तर यौन हिंसापीडितको अवस्थामा अपेक्षित बदलाव आएको छैन । न त उनीहरूले भोगेको हिंसाबारे निर्धक्क बोल्न सक्ने वातावरण सिर्जना भएको छ, न त न्यायको अनुभूति नै गर्न पाएका छन् ।

युद्धका अनेक घटना सार्वजनिक बहस र इतिहासका पानामा समेटिँदै गर्दा यौन हिंसापीडितका कथा भने अझै ओझेलमा पारिएका छन् । अन्याय अत्याचारको विरूद्ध लड्न युद्धमा होमिएका योद्धाहरु आज आफ्नै पीडासँग मौन संघर्ष गरिरहेका छन् । पीडितहरु प्रश्न गर्छन्- हाम्रा कुरा किन सुनिएन ? राहत, परिपूरण र क्षतिपूर्तिलगायतका न्याय त परको कुरा, पीडितको दर्जा पाउनकै लागि पनि उनीहरु संघर्षरत छन् । न्यायका लागि पीडितले तय गर्नुपरेको अनवरत दुष्कर यात्राले नेपालको शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायको अपूर्णतालाई उजागर गर्छन् ।

शान्ति सम्झौताले सशस्त्र संघर्षका क्रममा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाको सत्यतथ्य छानबिन गर्ने, पीडितलाई न्याय दिनेलगायतका प्रतिबद्धता गरेको थियो । द्वन्द्वकालमा हत्या, अपहरण, विस्थापन, सम्पत्ति कब्जा, बलात्कार तथा यौन हिंसालगायतका मानवअधिकार उल्लंघनका अनेकौं गम्भीर घटनाहरु भए, यी घटनाको सम्बोधन शान्ति प्रक्रियाको महत्त्वपूर्ण जिम्मेवारी थियो ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ पहिलो पटक लागू हुँदा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसालाई छुट्टै अपराधका रूपमा स्पष्ट उल्लेख गरिएन । अर्कोतर्फ, उजुरी प्रक्रिया यौन हिंसापीडितमैत्री थिएन । पुरूष कर्मचारी राखिएको, बलात्कारसम्बन्धी तत्कालीन कानुनी बाधा देखाइएको, लज्जाको विषय हुन्छ भनी निरूत्साहित गरिएको, प्रमाणसहित आउनु भनिएको जस्ता अनेकौं अवरोध थिए । त्यसैले पीडित नै उजुरीका लागि निरूत्साहित हुने अवस्था थियो, त्यसका बाबजुद केही उजुरी भने परेका थिए । स्थिति यतिसम्म थियो कि पहिलो वा दोस्रो आयोगले संक्रमणकालीन न्यायको मुद्दा टुंगोमा पुऱ्याएको भए सशस्त्र संघर्षका क्रममा गम्भीर यौनजन्य हिंसा नै नभएको निष्कर्ष निस्किने निश्चित थियो । हदम्यादलगायतका कानुनी कमजोरीलाई चुनौती दिँदै पीडित समुदाय र अधिकारकर्मीहरूले यो विषयलाई अदालतसम्म पुऱ्याए । अदालतले कानुन संशोधनको आदेश र पीडितको निरन्तर दबाबपछि २०८२ मा भएको ऐनको तेस्रो संशोधनले जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसालाई मावनअधिकारको गम्भीर उल्लंघनमा स्पष्ट राख्यो । साथै, यसअघि उजुरी दिन छुटेका पीडितलाई तीन महिनाभित्र उजुरी दिने व्यवस्था पनि सोही संशोधनले गऱ्यो । पुनः उजुरीको मौका पाउँदासम्म पीडितहरु संगठित भएका थिए । त्यसैको फलस्वरूप आफूमाथिको हिंसा दर्ज गराउन पीडित आफैं अग्रसर भए र अहिले आयोगमा चार हजार बढी उजुरी छन् । यो पनि अपूरो तथ्यांक भएको पीडितहरु बताउँछन् । कैयौंले भरिसकेको फाराम पनि न्याय नपाइने बरू उल्टै सामाजिक लाञ्छनाको सिकार हुनुपर्ला भनेर च्यातेको बताएका छन् । उजुरी दर्तामा सक्रिय पीडितहरूका अनुसार, कैयौंसम्म पुग्नै सकिएन, त्यसैले उजुरीका लागि प्रेरित गर्न सकिएन ।

द्वन्द्वकालीन हिंसाको प्रभाव पीडितमा मात्र सीमित छैन, पीडितका परिवार पनि त्यसबाट प्रभावित छन् । कति पीडित अहिले पनि निरन्तर उपचारमा छन्, कति पीडितको परिवारको आर्थिक अवस्था कमजोर हुँदा उपचार गर्न सकेका छैनन्।कानुनी सुधार पीडितहरूको लामो संघर्षको महत्त्वपूर्ण उपलब्धि हो । तर कानुन मात्र पर्याप्त हुँदैन । कार्यान्वयन हुन सकेन भने कानुनी प्रावधानको व्यावहारिक अर्थ रहँदैन । त्यसैले अन्तिम गन्तव्य पीडितको मागअनुसारको न्याय नै हो । यद्यपि, संक्रमणकालीन न्यायको प्रक्रिया अघि बढ्नै लामो समय लाग्यो । यौन हिंसाको उजुरी दिनलाई तीन महिनाको समयसीमा तोक्नु असंवेदनशील निर्णयका साथै अपर्याप्त समय पनि हो । यौन हिंसाजस्तो गम्भीर विषयमा उजुरी दिने मनसाय बनाउन पनि पीडितलाई समय लाग्न सक्छ, तीनमहिने समयसीमा तोक्नुले नै आयोग पीडितप्रति कति संवेदनशील र पीडितकेन्द्रित छ भन्ने देखाउँछ । साथै, यसले यौन हिंसापीडितलाई फेरि पनि न्यायको पहुँचबाट टाढै राख्न खोजेको त होइन ? भन्ने प्रश्न पनि उठ्छ ।

आयोग गठन भए पनि त्यसले अपेक्षित काम गर्न सकेको छैन । द्वन्द्वका क्रममा भएका विभिन्न मानवअधिकार उल्लंघनका गम्भीर घटनामध्ये बलात्कार तथा यौनजन्य हिंसाका पीडित लामो समयसम्म न त संक्रमणकालीन न्यायमा समेटिए, न त पीडितको दर्जा नै पाए । लामो समयसम्म माओवादी सशस्त्र संघर्षमा बलात्कार तथा यौनजन्य हिंसाका घटना भएको थियो भन्ने राज्यले स्विकारेको थिएन । तत्कालीन विद्रोही पक्ष पनि यसको बहसमा सक्रिय रूपमा सामेल भएन । यदि सुरूदेखि नै राज्यले पीडितका लागि सुरक्षित वातावरण र गोपनीयताको सुनिश्चितता गरिदिएको भए यौन हिंसापीडितले आफूमाथि भएको हिंसाको उजुरी दिने वातावरण बन्थ्यो । आज त्यसको अभावका कारण पीडित न्यायबाट मात्र होइन, आधारभूत मानवअधिकार, स्वास्थ्य, शिक्षा, सम्मानजस्ता पहुँचबाट विमुख भएका छन् । सरकारले मृत्यु भएका तथा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई अन्तरिम राहत दियो र अंगभंग भएका वा अपांगता भएकालाई पनि आर्थिक राहत दियो । तर यौन हिंसापीडित यो अन्तरिम राहत संरचनाभित्र परेका छैनन् किनकि उनीहरूलाई 'द्वन्द्वका पीडित' भनी मान्यता दिइएन ।

यौन हिंसा संक्रमणकालीन न्यायको सबैभन्दा संवेदनशील र जटिल विषयमध्ये एक हो । त्यसैअनुरूप यसलाई सम्बोधन गरिनुपर्ने हो । पहिलो सर्त नै पीडितको गोपनीयता, सुरक्षा र मनोसामाजिक अवस्थालगायतलाई विशेष ध्यान दिनुपर्ने हो । तर अहिलेसम्म पनि नेपालको संक्रमणकालीन न्याय प्रक्रियाले यी पक्षलाई प्रथामिकतामा राख्न सकेको छैन । सत्य निरूपण तथा मेलमिलाप आयोगको संशोधित ऐनले पछिल्लो समय ४ जेठ २०८२ देखि ५ भदौ २०८२ सम्म छुट उजुरी आह्वान गर्दा ३ हजार ९१७ थप उजुरी परे । त्यसअघिका ३१४ उजुरीसहित कुल ४ हजार २ सय ३१ उजुरी पुग्यो । उजुरीको संख्या बढ्नुले लामो समय मौन रहेका पीडितले आफूमाथि भएको अन्यायको प्रतिरोध गर्ने सोच बनाएको देखिन्छ । वर्षौंसम्मको मौनता, डर, सामाजिक लाञ्छना र असुरक्षाका कारण बाहिर आउन नसकेका पीडितले उजुरी दिनु सकारात्मक पक्ष हो । तर उजुरी दर्ता हुनु र न्यायको प्रत्याभूत हुनु फरक विषय हुन् । उजुरी लिइए पनि अनुसन्धान, सत्यको अभिलेखीकरण, दोषीलाई कारबाही, उपचार र परिपूरणजस्ता काम अझै भएका छैनन् । पीडितहरु आयोगमा फोन गरेर आफ्नो उजुरीमा के भयो भनेर ताकेता गरिरहेका छन् । त्यसैले उजुरीको संख्या बढ्नु मात्र ठूलो विषय होइन, त्यसमाथि कस्तो अनुसन्धान भयो, पीडितको मागअनुसारको न्यायको सुनिश्चितता भयो कि भएन भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ ।

द्वन्द्वकालीन हिंसामध्ये सबैभन्दा धेरै लुकाइएको र राज्यले सबैभन्दा ढिलो स्वीकार गरेको विषय पनि यौन हिंसा नै हो । त्यसैले यौन हिंसापीडितलाई आजसम्म राज्यले दिने कुनै पनि किसिमको राहतको कार्यक्रममा समेटिएको छैन । यसले गर्दा पीडितहरु सामाजिक दुर्व्यवहार, संस्थागत असंवेदनशीलता र न्याय प्रक्रियाको कमजोरीबाट पुनः पीडित हुन पुगेका छन् । द्वन्द्वकालीन हिंसाको प्रभाव पीडितमा मात्र सीमित छैन, पीडितका परिवार पनि त्यसबाट प्रभावित छन् । कति पीडित अहिले पनि निरन्तर उपचारमा छन्, कति पीडितको परिवारको आर्थिक अवस्था कमजोर हुँदा उपचार गर्न सकेका छैनन् । योनीमा बन्दुकको नाल र लट्ठी पटक-पटक कोच्दा पाठेघरमा समस्या भएको र त्यसले सन्तान प्राप्तिमा असर परेको धेरै पीडितको भनाइ छ । व्यवस्था परिवर्तनका लागि महिलाहरूले गरेको संघर्षमा महिलामाथि कस्ता बर्बरता भए, त्यसको स्मृतीकरण गरिनु पनि न्याय नै हो भन्ने एक पीडितको कथनले घटना लामो समय बितिसक्दा पीडितका लागि न्यायको परिभाषा पनि बदलिँदै आएको संकेत गर्छ । तर अन्य पीडितका न्यायको माग फरक हुन सक्छ । त्यसैले पीडितसँगको सहकार्य र छलफलबाट उनीहरूको माग सम्बोधन हुनु जरूरी हुन्छ ।

पितृसत्तामक समाजमा आफूमाथि भएको यौन हिंसाका बारेमा बोल्न सजिलो छैन । महिलाको यौनिकतालाई परिवारको इज्जत र प्रतिष्ठासँग जोड्ने सामाजिक सोचले पीडितलाई आफूमाथि भएको हिंसाबारे बोल्ने स्वतन्त्रता दिँदैन, बरू आफ्नो अनुभव लुकाउन बाध्य पारिन्छ । हिंसाबारे बोल्दा श्रीमान्ले छाड्ने डर, समाजले लगाउने लाञ्छना, परिवार भत्किने भय र छोराछोरीको जीवनमा असर पर्ने डरले धेरै पीडितलाई आफ्नो अनुभव लुकाउन बाध्य बनाएको छ । कतिपयले चुपचाप उजुरी दिए पनि त्यसबारे घरमा थाहा दिएका छैनन्, कुनै बेला थाहा पाए भने के होला भन्ने डर अहिले पनि उत्तिकै छ । आफूले भोगेको हिंसाबारे बोल्दा उल्टै प्रश्न र दुर्व्यवहारको सामना गर्नुपर्ने अवस्थाले पनि पीडितलाई न्याय प्रक्रियाबाट पर धकेलिदिएको छ । अहिले पनि कति पीडित आफ्नै मौनतासँग लडिरहेका हुन सक्छन् ।

संक्रमणकालीन न्याय कुन राजनीतिक दलको सरकार बन्यो भन्ने कुराले रोकिनु हुन्न । रास्वपा नेतृत्वको नयाँ सरकारले यसअघिका राजनीतिक नियुक्ति खारेज गर्दा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पनि पदाधिकारीविहीन बनाइएको छ । सरकार गठन भएको झन्डै ८ महिना पुगिसक्दा पनि आयोग पदाधिकारीविहीन नै छ । रास्वपाले आफ्नो चुनावी घोषणापत्रमा संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने प्रतिबद्धता त गरेको छ । तर पीडितहरु नयाँ सरकारप्रति पूर्ण रूपमा विश्वस्त हुन सकेका छैनन् ।

यसअघि सरकारको नेतृत्व गर्ने राजनीतिक दलहरु नै द्वन्द्वकालीन घटनासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जोडिएका कारण संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन राजनीतिक इच्छाशक्ति नदेखाएको आरोप लाग्दै आएको छ । सशस्त्र संघर्षको प्रमुख पक्ष तत्कालीन माओवादी आफैं पटक-पटक सरकारमा जाँदा यौन हिंसापीडितको न्यायको विषयलाई प्राथमिकतामा नराखेको गुनासो पीडितको छ । तर अहिलेको रास्वपा नेतृत्वको सरकारलाई यस विषय प्राथमिकतामा राखेर टुंगोमा पुऱ्याउने अवसर छ भने, अर्कोतिर रास्वपाले यस विषयलाई अपनत्व नै नलिएर बेवास्ता पो गर्ने हो कि भन्ने आशंका पीडितहरूको छ । जुन राजनीतिक दलको नेतृत्वमा संघर्ष भएको थियो, उसैले द्वन्द्वकालीन यौन हिंसापीडितको न्यायको अधिकारलाई प्राथमिकतामा नराख्दा रास्वपाजस्ता नयाँ दलले पनि बेवास्ता गरिदिने हो कि भन्ने पीडितको आशंका पनि स्वाभाविकै देखिन्छ । तर संक्रमणकालीन न्याय कुनै राजनीतिक दल, सरकारको प्राथमिकताको विषय मात्र होइन, पीडितप्रतिको जवाफदेही, राज्यको दायित्व र जिम्मेवारी दुवै हुन् । जोसुकैले सरकारको नेतृत्व गरे पनि न्याय पीडितमाथि गरिने उपकार होइन, पीडितको अधिकार हो ।

पीडितको मागअनुसारको आर्थिक क्षतिपूर्ति, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, जीविकोपार्जनमा सहयोग, सामाजिक पुनःस्थापना र भविष्यमा यस्ता हिंसा दोहोरिन नदिने सुनिश्चितता राज्यबाट गरिनुपर्छ । पीडितको आवाज सुन्ने र न्याय सुनिश्चित गर्ने जिम्मेवारीबाट राज्य पन्छिन मिल्दैन । किनभने, यौनजन्य हिंसा स्वयं मात्रै होइन, त्यस घटनापछि पनि सामाजिक लाञ्छना, राज्यको बेवास्ता, न्यायमा ढिलाइलगायतका विषयले पीडितलाई पटक-पटक पीडित बनाएका छन् । त्यसैले पीडितमाथि विगतमा भएको पीडाको सम्बोधन गरिनु भविष्यमा यस्ता हिंसा भोग्नु नपर्ने समाज निर्माण गर्नु राज्यको जिम्मेवारी हो । *-कान्तिपुर*

भोटेकोशी बाढीपीडितबाट न्यायको खोजी

अर्जुननरसिंह केसी

प्राकृतिक विपत्ति प्रकृतिले निम्त्याउँछ, तर विपत्तिपछिको पीडा कति गहिरो र दीर्घकालीन हुन्छ भन्ने कुरा प्रभावित र सराकारवालाका भोगाइमाथि राज्यको संवेदनशीलता, नीतिगत स्पष्टता र कार्यक्षमताले तय गर्छ । बाढीले घर, खेत, पुल र भौतिक संरचना बगाउँछ, तर राज्यको अकर्मण्यता, प्रशासनिक ढिलासुस्ती र गैरजिम्मेवारीले नागरिकको भरोसा, आत्मसम्मान र भविष्यसमेत बगाउन सक्छ । गत भदौ १० गते ल्हेन्देखोला हुँदै भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीले रसुवा र नुवाकोटलगायत जिल्लाका नदीतटीय क्षेत्रमा पुर्याएको क्षतिलाई केवल प्राकृतिक दुर्घटनाका रूपमा सीमित गर्नु गम्भीर भूल हुनेछ । यो त राज्यको विपत् व्यवस्थापन क्षमता, सामाजिक न्यायप्रतिको इमानदारी र नागरिकप्रतिको उत्तरदायित्वको कठोर अग्निपरीक्षा पनि हो ।

गत तीन महिनादेखि भोटेकोशी-त्रिशूली नदीकिनारका रसुवा र नुवाकोटका निर्दोष नागरिक आफूले नगरेको दोषको कठोर सजाय भोगिरहेका छन् । २०८३ भदौ १० को त्यो प्रलयकारी बाढी अन्तिम वा अपवाद होइन, मानव सिर्जित जलवायु परिवर्तनको प्रत्यक्ष मार हिमालय शृंखलामा परिरहेका वेला यस्ता विपत् भविष्यमा अन्यत्र पनि दोहोरिने जोखिम उत्तिकै छ । तर विडम्बना, हामी आज पनि पूर्वतयारी र वैज्ञानिक व्यवस्थापनभन्दा बढी 'भगवान् भरोसा'मा बाँच्न बाध्य छौं । रसुवाका हिमाली तथा पहाडी बस्तीदेखि नुवाकोटका किस्पाङ, विदुर, बेलकोटगढी र तारकेश्वरसम्मका नदीतटीय क्षेत्रले अपूरणीय क्षति व्यहोरेका छन् । त्रिशूली, देवीघाट, वेत्रावती र तुप्चेजस्ता ऐतिहासिक-धार्मिक थलोदेखि रसुवाको टिमुरे, स्याफ्रुबेसी, हाकु र बोगटीटारसम्मका बस्तीमा पुस्तौंको सम्पत्ति, जीविकोपार्जन र स्थानीय अर्थतन्त्र तहसनहस भएको छ । कतिले प्रियजन गुमाए, कतिको वास उठ्यो र किसान, व्यवसायी तथा साना उद्यमीको वर्षौंको परिश्रम केही मिनेटमा सिद्धियो । पाँच हजारभन्दा धेरै मानिस आजसम्म हराइरहेका छन् ।

दसैं-तिहार-छठजस्ता महान् चाडपर्वले यहाँका लाखौं नेपालीको अनुहारमा खुसी होइन, आँसु र वियोगको पीडा थपिदिए । त्यसमाथि राज्यको चरम अकर्मण्यता र जिम्मेवारीविहीनताले रसुवा र नुवाकोटका पीडितको चीत्कारलाई अझै चर्कायो । बढ्दो महँगी र दिशाहीन राष्ट्रिय राजनीतिले सचेत नागरिकको चिन्ता झनै गहिरो बनाएको छ । आफ्नै जन्म र कर्मक्षेत्रको केन्द्रमा आएको यो प्रलय, पीडितहरूले भोग्नुपरेको अन्याय र त्यसमाथि देखिएको राज्यको उदासीनताले अत्यन्त दुःखी छु ।

पीडितहरूले विछोड, बिचल्ली र अलपत्र अवस्थामा कष्टकर जीवन बिताउन थालेको तीन महिना पूरा भएर चौथो महिना लागेको छ । यस अवधिमा सहृदयी दाताले अभूतपूर्व उदारता देखाउँदै प्रधानमन्त्री उद्धार कोषमा लगभग १९ अर्ब रकम जम्मा गरिदिए, जुन अघिल्ला प्राकृतिक विपत्मा नदेखिएको सहयोग हो । तर, लज्जास्पद कुरा के छ भने राज्यको संयन्त्रले अझै ठोस पुनर्निर्माण कार्ययोजनासमेत नबनाई त्यही ठुलो रकमको सिरानी हालेर सुतिरहेको छ । तीन महिनाको यो समय केवल घडीको सुई घुमेको अवधि होइन, सिंहदरबारभित्र जरा गाडेर बसेको उपेक्षा, ढिलासुस्ती र गैरजिम्मेवारीको नांगो तस्बिरसमेत हो ।

'पीडित-केन्द्रित' अवधारणा र थातथलोको रक्षा

भोटेकोशी-त्रिशूली बाढीपीडित सरोकार समितिका प्रतिनिधिसँगको छलफलले पीडितका वास्तविक पीडा, भावना र व्यावहारिक मागलाई स्पष्ट पारेको छ । सिंहदरबार वा सदरमुकामका वातानुकुलित कोठामा बसेर तयार पारिने 'टप-डाउन' योजना र नीतिहरु अब खारेज हुनुपर्छ । 'माथि'बाट लादिएका परम्परागत र असफल ढाँचाले भुइँमान्छेको मर्म र वास्तविक आवश्यकता बुझ्न सक्दैनन् । त्यसैले, पुनर्निर्माण कुनै शासकीय दया वा अनुकम्पा होइन, पूर्ण रूपमा 'पीडित-केन्द्रित' हुनुपर्छ ।

नेपाली कांग्रेसका सभापति गगन थापाले प्रभावित क्षेत्रमा गरेको दुईपटकको स्थलगत भ्रमण, पीडितहरूसँगको प्रत्यक्ष वार्ता, वस्तुस्थिति अध्ययनले सरकारबाट लिनुपर्ने निर्णयबारे पार्टीका तर्फबाट प्रस्तुत हुन लागेको सुझावसहितको विस्तृत प्रतिवेदनले सरकारको काम, कर्तव्य र दायित्वबारे प्रकाश पार्ने नै छ भन्ने पीडितहरूको विश्वास छ । योजनाको प्रारम्भिक खाकादेखि कार्यान्वयनको अन्तिम चरणसम्म पीडित नागरिक र सरोकारवालाको प्रत्यक्ष सहभागिता, स्वामित्व र निर्णयको अधिकार सुनिश्चित गरिनुपर्छ । नागरिकलाई राहत र पुनर्स्थापनाको निष्क्रिय 'वस्तु' होइन, आफ्नै भविष्यको रूपरेखा कोर्ने निर्णायक 'कर्ता' बनाइनुपर्छ । बाढी प्रभावित क्षेत्रमा सञ्चालन भइरहेका वा आगामी दिनमा सञ्चालन हुने आयोजनामा स्थानीय बाढीपीडितलाई प्रमाणका आधारमा रोजगारीको पहिलो प्राथमिकता दिइनुपर्छ ।

बलजफ्ती विस्थापन अस्वीकार्य

त्रिशूली, देवीघाट, वेत्रावती र तुप्चेदेखि टिमुरे, स्याफ्रुबेसी, हाकु र बोगटीटारसम्मका गाउँ-बस्ती नक्सामा कोरिएका माटोका टुक्रा मात्र होइनन्, यी पुर्खाको पसिना, संस्कृति, सभ्यता र भावनात्मक अस्तित्वका धरोहर हुन् । सामान्य जोखिमको बहाना बनाएर उपयुक्त विकल्पविना जबर्जस्ती उठाउने शासकीय प्रवृत्ति पीडितलाई मान्य हुँदैन । 'आफ्नो नाभी गाडिएको ठाउँ' र 'पुर्खाको आँगन नछाड्ने' नागरिकको स्वाभाविक चाहनालाई राज्यले बेवास्ता गर्न हुँदैन । प्रियजन र सर्वस्व गुमाएकै कारण कोही पनि आफ्नो इतिहास र पारिवारिक जग मेटाउन चाहँदैन । त्यसैले, वैज्ञानिक भूगर्भीय अध्ययनका आधारमा जोखिमको यथार्थ मूल्यांकन गरी सुरक्षित स्थान वा नजिकैको पायक पर्ने सुरक्षित ठाउँमा सामूहिक पुनर्वासको व्यवस्था गरिनुपर्छ ।


करूणा होइन, संवैधानिक अधिकार

विपत् व्यवस्थापन राज्यको निगाह वा ऐच्छिक उपकार होइन, यो पीडित नागरिकको संविधानप्रदत्त मौलिक अधिकार हो र राज्यको अनिवार्य कर्तव्य हो । तर विडम्बना, सत्ता आज पनि राहत र उद्धारलाई राजनीतिक कृपा र सौदाबाजी बनाइरहेको छ । पीडितले मागेका विषय करूणाका भिख होइनन्, न्यायपूर्ण अधिकार हुन् । पीडित वा सरोकारवालाले सरकारबाट निगाह होइन, न्यायिक व्यवहारको आशा गरेका छन् ।

तत्काल चाल्नुपर्ने कदम

निष्पक्ष र एकीकृत क्षति मूल्यांकन : तीनै तहका सरकार, पीडित समुदायका प्रतिनिधि, सर्वपक्षीय सहभागिता र प्राविधिक विज्ञ सम्मिलित संयुक्त उच्चस्तरीय संयन्त्रमार्फत वास्तविक क्षतिको विवरण संकलन गरिनुपर्छ । तीनै तहबिच समन्वय गर्दै दोहोरोपनरहित ढंगले युद्धस्तरमा काम अघि बढाउनुपर्छ ।

मानवीय राहत, क्षतिपूर्ति र बालबालिकाको संरक्षण : बेपत्ता व्यक्तिको कानुनी अवस्था स्पष्ट पार्दै मृतकका परिवारलाई उचित राहत, कम्तीमा १५ लाख रूपैयाँ क्षतिपूर्ति तथा आश्रित परिवारका बालबालिकाको शिक्षा सुनिश्चित गरिनुपर्छ । अभिभावक गुमाएका टुहुरा बालबालिकाको दीर्घकालीन संरक्षण तथा आवाससहित निःशुल्क शिक्षाको ग्यारेन्टी गरिनुपर्छ । झन्डै एक हजार २३३ बालबालिका विभिन्न होल्डिङ सेन्टर वा आफन्तकहाँ आश्रित छन् । तिनको संरक्षण, शिक्षा, स्वास्थ्य, पालनपोषण र पुनर्स्थापन सरकारको प्रमुख दायित्व हो ।



कागजातको पुनः प्राप्ति र प्रशासनिक झन्झटको अन्त्य : नागरिकता, लालपुर्जा, नक्सापास, प्यानकार्ड र शैक्षिक प्रमाणपत्र गुमाएका पीडितलाई अनावश्यक प्रक्रियामा नअल्झाई निश्चित समयसीमाभित्र घरदैलोमै निःशुल्क सेवा दिनुपर्छ । फाइल घुमाउने र ढिलासुस्ती गर्ने प्रशासनिक झन्झटबाट पीडितलाई मुक्त गरिनुपर्छ ।


कृषि, उद्यम, सम्पदा र एकीकृत पुनर्निर्माण : बाढीले घरवासँगै हजारौं रोपनी खेतीयोग्य जमिन बगरमा परिणत गरेको छ र बगरको उचाइ बढ्दा भविष्यमा आउने बाढीको उचाइले फैलावट र जोखिम अझै बढ्ने खतरा देखिएको छ । जोखिम घटाउनसमेत वैज्ञानिक आधारमा निश्चित बगर क्षेत्रमा पीडितलाई नै सामूहिक तरिकाले क्रसर उद्योग सञ्चालन गर्न छुट्टै कार्यविधि बनाई अनुमति दिने माग व्यावहारिक छ । पुस्तौंदेखि खेती गरेर जीविका धान्ने किसानको माटोको अधिकार जोगाउन बगर बनेका खेतलाई सकेसम्म खेतीयोग्य बनाउने वा क्षेत्रफल नघट्ने गरी वैकल्पिक व्यवस्था वा उचित मुआब्जा दिइनुपर्छ ।

त्रिशूली, देवीघाट, वेत्रावती र रसुवा क्षेत्रमा नदीजन्य सामग्री, पर्यटन, होटेल तथा साना उद्योग चलाएर ऋणमा परेका व्यवसायीका लागि निर्ब्याजी पुनः कर्जा, ब्याज मिनाहा र कर-राजस्व छुटको विशेष प्याकेज ल्याउनुपर्छ । साथै, क्षतिग्रस्त मठमन्दिर, धर्मशाला, गुम्बा, विहार, चैत्य, पाटीपौवा, चौतारा, विश्रामस्थल, मस्जिद र गिर्जाघरजस्ता ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय संरचनालाई उत्खनन गरी मौलिक स्वरूपमै पुनर्निर्माण गरिनुपर्छ । यो सामान्य बाढी होइन, अभूतपूर्व प्रलय हो । यसको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका लागि आवास, विद्यालय, स्वास्थ्य केन्द्र र कार्यालय निर्माण, जग्गाको पुनर्निर्माण, कर छुट, सहुलियत ऋण तथा शैक्षिक बेरोजगारका लागि प्रमाणपत्र धितो राखी स्वरोजगार प्रोत्साहन गर्ने कार्यक्रम एउटै एकीकृत र एकद्वार प्रणालीमार्फत लागू गरिनुपर्छ ।

आश्वासनको बाढी होइन, परिणाममुखी न्याय : बढ्दो कठ्यांग्रिँदो जाडोमा पीडितहरु पातला पाल र अस्थायी टहरामा काँपिरहेका छन् । सुरक्षित वासको प्रबन्ध गर्न ढिलाइ हुने हरेक घण्टा पीडितको जीवनमाथिको खेलबाड र राज्यको संवेदनहीनताको प्रमाण हो । रसुवा र नुवाकोटका बाढीपीडितले उठाएका माग केवल स्थानीय सरोकार होइनन्, यी समग्र विपत्पीडितको न्याय, पारदर्शिता र मानवीय मर्यादाका आवाज हुन् । बाढीले घर बगाए पनि पीडितको आँट र थातथलोप्रतिको माया बगाउन सकेको छैन । सरकारले प्रशासनिक ढिलासुस्ती अन्त्य गर्दै 'भोटेकोशी-त्रिशूली बाढीपीडित पुनर्निर्माण प्राधिकरण'मार्फत रसुवादेखि तुप्चे, वेत्रावती, देवीघाट र त्रिशूलीसम्म सुरक्षित र सम्मानजनक पुनर्स्थापनाको काम तत्काल अघि बढाउनुपर्छ । समयमै न्यायपूर्ण सम्बोधन गरिएन भने परिणाम अझ भयावह हुनेछ र पीडितको आक्रोशले सिंहदरबारको ढोका घेर्न बाध्य हुनेछ । *-नयाँ पत्रिका*



सुनकोशी-मरिण ठेक्का रद्दको कागजात पेस गर्न लेखा समितिको निर्देशन



काठमाडौं- सार्वजनिक लेखा समितिले सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनामा रद्द गरिएको ठेक्का प्रक्रियाको कागजात ७ दिनभित्र पेश गर्न निर्देश गरेको छ । मंगलबारको छलफलपछि लेखा समितिले सात दिनभित्र ठेक्का प्रक्रिया र रद्द गर्दाको कागजात पेस गर्न सिँचाइ विभागलाई निर्देशन दिएको हो ।

विभागबाट कागजात आएपछि थप अध्ययन गरेर उपयुक्त निर्णय लिने समितिको तयारी छ । प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशनमा सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया र परियोजना प्रमुख कृष्ण रिजाललाई नियन्त्रणमा लिएर गत १३ कात्तिकमा परियोजनाको बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना निर्माणका लागि अघि बढाएको टेन्डर प्रक्रिया रद्द गरिएको थियो ।

ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेका वेला कानुन मिचेर जबर्जस्ती प्रक्रिया नै रद्द गरेपछि चौतर्फी आलोचना भइरहेको छ । यस सम्बन्धमा लेखा समितिमा समेत उजुरी परेपछि मंगलबार छलफलका लागि बोलाइएको थियो । मंगलबारको छलफलपछि यससम्बन्धी कागजात पेस गर्न निर्देशन दिइएको समितिका सभापति भरतबहादुर खड्काले बताए । यो निर्णयले राज्यलाई फाइदा-बेफाइदा के हुन्छ भनेर विस्तृत रूपमा अध्ययन गरिने उनले बताए ।

यो परियोजनामा ढिलाइ हुँदा मधेशको कृषि उत्पादन प्रभावित हुने उनले बताए । 'यो परियोजनाले मधेशमा १२ महिना नै सिँचाइ सुविधा पुर्याउँछ । आजको दिनमा मधेशको मुख्य पेसा नै कृषि हो । त्यहाँको उत्पादनले नेपाललाई पाल्छ । तर, यो परियोजना बनाउन जति ढिला गर्छौं, त्यसबाट राज्यले पाउने लाभ पनि त्यति नै गुमेको हुन्छ,' उनले भने, 'साथै, मधेशको कृषि क्षेत्र पनि प्रभावित हुन्छ । मुख्यतः त्यहाँको कृषि उत्पादन प्रभावित हुन्छ । तसर्थ, यो परियोजना छिटो सक्ने गरी अघि बढ्नुपर्छ । तसर्थ, यसको अध्ययन गम्भीर रूपमा गर्नुपर्छ।'

ठेक्का तोडिएको प्याकेजको निर्माण लामो समयदेखि अलपत्र छ । निर्माणमै अलपत्र परेपछि गत २५ कात्तिक ०८२ रमण-पटेलसँग ठेक्का तोडिएको थियो । आयोजनाको बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना र गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडान गर्न पटेल–रमण जेभीसँग १४ अर्ब आठ करोड रूपैयाँ (करसहित)मा १७ पुस ०७९ मा ठेक्का सम्झौता भएको थियो ।

ठेक्काको म्याद ५५ महिना अर्थात् १८ असार ०८४ सम्म थियो । तर, सम्झौता गरेको ६१ प्रतिशत समय सकिँदा १० प्रतिशत मात्रै काम भएपछि गत २५ कात्तिकमा ठेक्का सम्झौता तोडिएको थियो । त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर गत २५ जेठमा नयाँ ठेक्का आह्वान गरिएको थियो ।

त्यसमा आवेदन दिएका ६ मध्ये तीन कम्पनी प्राविधिक रूपमा उत्तीर्ण भएका थिए । चाइना वाटर एन्ड इनर्जी कर्पोरेसन, एनेङ-आरसिसी जेभी र सिनो हाइडो कर्पोरेसन प्राविधिक रूपमा उत्तीर्ण भएका थिए । १६ कात्तिकमा उनीहरूकै आर्थिक प्रस्ताव खोल्ने तयारी थियो । तर, त्योभन्दा तीन दिनअघि कानुन मिचेर ठेक्का प्रक्रिया रद्द गरिएको थियो । नयाँ ठेक्का भने आह्वान भएको छैन ।

यसअघि यो प्याकेजको निर्माणमा १८ अर्ब रूपैयाँभन्दा बढी लागत अनुमान थियो । त्यसमा पटेल-रमण जेभीले ३२ प्रतिशत 'लो बिड' गरेर १४ अर्ब आठ करोडमा ठेक्का सम्झौता गरेको थियो । ठेक्का तोडेपछिको मूल्यांकनले यसको लागत करिब २४ अर्ब देखाएको थियो ।

सिन्धुली र रामेछापको सिमानामा रहेको सुनकोशी नदीको पानीलाई बाँध बनाएर सुरूङमार्फत मरिण नदीमा खसाली बागमती सिँचाइ आयोजनामा पुर्याइनेछ । यसबाट तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुग्नेछ ।

सुनकोशीको पानी मरिण नदीमा पथान्तरण गरी ३१.०७ मेगावाटको जलविद्युत् उत्पादन गरिनेछ । परियोजनाको १३ किलोमिटर लामो सुरूङ २६ वैशाख ०८१ मै ब्रेक थ्रु भइसकेको छ । परियोजनासँग जोडिएका अन्य संरचनाको निर्माणकार्य अघि नबढ्दा समयमै परियोजना सञ्चालनमा नआउने देखिन्छ ।

संस्कार एकेडेमीद्वारा वास्तु सफ्टवेयर सार्वजनिक

काठमाडौं/ संस्कार एकेडेमीले नेपालको पहिलो वास्तु सफ्टवेयर सार्वजनिक गरेको छ। एकेडेमीले मंसिर ४ देखि ६ गतेसम्म काठमाडौंको बुढानीलकण्ठस्थित होटेल लेमन ट्री प्रिमियरमा तीनदिने आवासीय 'वास्तु गुरू कार्यकारी पाठ्यक्रम'समेत सफलतापूर्वक सम्पन्न गरेको छ।

मंसिर ४ गते सञ्चारकर्मीहरूको उपस्थितिमा आयोजित विशेष कार्यक्रममा 'संस्कार वास्तु' सफ्टवेयर सार्वजनिक गरिएको हो। वास्तुशास्त्रको अध्ययन, विश्लेषण तथा व्यावसायिक परामर्शलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले सफ्टवेयर विकास गरिएको एकेडेमीले जनाएको छ।

'संस्कार वास्तु' सफ्टवेयरमा वास्तुशास्त्रका १६ दिशात्मक क्षेत्र, ३२ प्रवेशद्वार, ४५ वास्तु देवता ऊर्जा क्षेत्र तथा मर्मस्थानको विश्लेषण गर्न सकिने सुविधा रहेको छ। यसका साथै दिशागत अवस्था र देवता ऊर्जाको मूल्यांकन गरी व्यावसायिक वास्तु प्रतिवेदन तयार गर्न सकिने व्यवस्था गरिएको छ। ब्राउजरमा आधारित यस सफ्टवेयर प्रयोग गर्न छुट्टै सफ्टवेयर इन्स्टल गर्नुपर्ने आवश्यकता पर्दैन।



एकेडेमीका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत एवं मुख्य प्रशिक्षक आचार्य राजबाबु शाहले वास्तु तथा अंकशास्त्रसम्बन्धी शिक्षा नेपालमै उपलब्ध गराउने मात्र नभई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष परामर्शदाता उत्पादन गर्नु संस्थाको मुख्य उद्देश्य रहेको बताए।

उनले नेपाली वास्तु परामर्शदातालाई विश्व बजारमा स्थापित गराउने र नेपाली ज्ञान, सिप तथा क्षमतालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने लक्ष्यसहित एकेडेमीले प्रशिक्षण र प्रविधिको क्षेत्रमा काम गरिरहेको उल्लेख गरे।

तीनदिने आवासीय पाठ्यक्रममा आवासीय, व्यावसायिक तथा औद्योगिक भवनको वास्तु विश्लेषणसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। प्रशिक्षणका क्रममा लेचर एन्टेना तथा ओरा स्क्यानरको प्रयोगसम्बन्धी अभ्याससमेत गराइएको थियो। पाठ्यक्रम सफलतापूर्वक पूरा गर्ने ७१ जना सहभागीलाई प्रमाणपत्र वितरण गरिएको एकेडेमीले जनाएको छ।

कार्यक्रमले वास्तुशास्त्रलाई परम्परागत ज्ञानमा मात्र सीमित नराखी वैज्ञानिक सोच, व्यावहारिक अभ्यास र आधुनिक प्रविधिको सहायताबाट व्यावसायिक रूपमा अघि बढाउन सहयोग पुग्ने विश्वास एकेडेमीले व्यक्त गरेको छ।

खेलकुद

आइपिएल अक्सनमा १० नेपाली खेलाडीको नाम

विश्वचर्चित इन्डियन प्रिमियर लिग (आइपिएल) २०२७ को अक्सनमा १० नेपाली खेलाडीले नाम दर्ता गराएका छन् । भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)ले बुधबार सार्वजनिक गरेको अक्सन रजिस्टरअनुसार नेपाली १० खेलाडीले अक्सनका लागि नाम दर्ता गराएका हुन् ।

आगामी सिजनको अक्सनका लागि कुल एक हजार २२० खेलाडीले नाम दर्ता गराएका छन् । अक्सनको अन्तिम सूचीको टुंगो आगामी ४ डिसेम्बरमा लाग्नेछ । जसमा भारतबाट सर्वाधिक ९३९ खेलाडीले नाम लेखाएका छन् भने १७ राष्ट्रका २८१ विदेशी खेलाडीले नाम दर्ता गराए । विदेशी खेलाडीको दर्तामा नेपाल र युएईबाट समान १० खेलाडी छन् ।

युएई र नेपालपछि खेलाडी दर्ता गराउने एसोसिएट राष्ट्रमा अमेरिका अगाडि छ । अमेरिकाबाट १३ खेलाडीले नाम दर्ता गराएको बिसिसिआईले जनाएको छ । क्यानडा, जापान र स्कटल्यान्डबाट समान दुई खेलाडी रहे । नेदरल्यान्ड्सबाट तीन खेलाडीले नाम दर्ता गराए । यसैगरी, आइसिसीको पूर्ण सदस्य राष्ट्र वेस्ट इन्डिजका ३६, न्युजिल्यान्डका २५ र अफगानिस्तानका २३ खेलाडीले पनि अक्सनका लागि नाम दर्ता गराएका छन् । आइपिएल अक्सन रजिस्टरमा एसोसिएट राष्ट्रका ४२ खेलाडीले नाम लेखाएका छन् । अक्सनअघि फ्रेन्चाइज टोलीले १८४ खेलाडी रिटेन तथा छनोट गरिसकेका छन् । अक्सनबाट अधिकतम ६६ खेलाडीको स्थान पूर्ति हुनेछ । जसमध्ये २५ स्थान विदेशी खेलाडीका लागि उपलब्ध छ । दर्ता भएका खेलाडीमध्ये १८४ जना अन्तर्राष्ट्रिय खेल खेलिसकेका, ९९४ जना अन्तर्राष्ट्रिय खेल नखेलेका र ४२ जना एसोसिएट राष्ट्रका खेलाडी छन् । अन्तर्राष्ट्रिय खेल नखेलेका ९९४ खेलाडीमध्ये ९२५ जना भारतीय छन् । तीमध्ये १२७ जनाले यसअघि आइपिएल खेलिसकेका छन् । गत सिजनमा दिल्ली क्यापिटल्सले मिचेल स्टार्कलाई ११ करोड ७५ लाख भारतीय रूपैयाँमा अनुबन्ध गरेको थियो । यसपटक दिल्लीले उनलाई रिलिज गरेको छ ।

तेस्रो प्रयासमा सुदूरपश्चिम रोयल्स बन्यो च्याम्पियन

लगातार फाइनलमा पुग्दै चुक्दै गरेको सुदूरपश्चिम रोयल्स अन्ततः तेस्रो प्रयासमा नेपाल प्रिमियर लिग (एनपिएल) को च्याम्पियन बनेको छ । शनिबार त्रिवि क्रिकेट मैदानमा भएको तेस्रो संस्करणको फाइनलमा लुम्बिनी लायन्सलाई बदला लिँदै सुदूरपश्चिम १० विकेटले विजयी भएको हो। सुदूरपश्चिमको जितमा स्कटल्यान्डका ओपनर जर्ज मन्सेले अविजित १२५ रन बनाए। उनी एनपिएलमा सतक बनाउने छैटौं तथा व्यक्तिगत सर्वाधिक रन बनाउने पहिलो खेलाडी बने।

योसँगै सुदूरले एक फाइनलसहित लगातार तीन भेटमा बेहारेको हारको बदलासमेत लियो । पहिलो संस्करण सुदूपश्चिम जनकपुर बोल्ट्ससँग पाँच विकेट र दोस्रो संस्करणको फाइनलमा लुम्बिनीसँग ६ विकेटले पराजित भएको हो ।

टस हारेर ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ५६ रनको लक्ष्य दिएको थियो । प्रत्युत्तरमा सुदूरपश्चिमले बिना विकेट गुमाउँदै १३।३ ओभरमा पहिलोपटक च्याम्पियन बन्यो । लुम्बिनी लगातार दोस्रोपटक उपाधि जित्ने योजनामा भने सफल भएन। यसअघि सुदूरपश्चिमलाई पहिलो क्वालिफायर्समा ६ विकेटले हराउँदै लुम्बिनी सिधै फाइनलमा पुगेको थियो । समूह चरणमा भने ७ मध्ये पाँच खेल जित्दै ११ अंकसहित शीर्ष स्थानमा रहेको थियो । समूह चरणमा टोलीले मात्र एक खेल गुमाएको थियो ।

यता, लगातार फाइनलमा पुगेर चुकेको सुदूरपश्चिम पहिलो पटक उपाधि जित्ने लक्ष्यका साथ मैदान उत्रिएको थियो । जसमा टिम सफल भयो । पहिलो क्वालिफायर्समा चुकेको सुदूर दोस्रो क्वालिफायर्समा भने चितवन राइनोजलाई ३ विकेटले हराउँदै उपाधि नजिक पुगेको थियो ।यसअघि समूह चरणमा सुदूरले ७ मधये पाँच खेल जित्दै १० अंकसहित दोस्रो स्थानमा रहेको थियो । फाइनल खेलसँगै ८ टिम सहभागी एक महिना सम्म सञ्चालन भएको प्रतियोगिता समापन भएको छ । यसअघि प्लेअफमा लुम्बिनी र सुदूरसँगै काठमाडौं गोर्खाज र चितवन राइनोज पुगेका थिए । विराटनगर किंग्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्स भने समूह चरणबाट माथि बढ्न सकेका थिएनन् ।

लुम्बिनीको जितमा स्कटल्यान्डका जर्ज मन्सेले सतक बनाए । ३३ वर्षे ओपनरले ५४ बलमा आक्रमक ब्याटिङ गर्दै १२५ रन बनाए । उनी एनपिएलमा सतक बनाउने छैटौं खेलाडी हुन् । उनी व्यक्तिगत सर्वाधिक १२५ रन बनाउने पहिलो खेलाडी समेत हुन् । अहिलेसम्म सबै सतक विदेशी खेलाडी नै बनाएका छन् । यसअघि यसै सिजन चितवनका कामिल मिसारा र पोखरा एभेन्जर्सका युवराज सामरा थिए । यसअघि कर्णाली याक्सका मार्क वाट (अविजित ११४), पोखराका एडाम रोसिंटन (अविजित १०८), आन्द्रेस गोउस (अविजित १०४), युवराज सिंह सामरा (१०२) र कामिल मिसाराले अविजित ११९ रन बनाएका थिए । यसअघि उनले आक्रमक ब्याटिङ गर्दै २८ बलमा पाँच चौका र ३ छक्कासहित अर्धसतक बनाएका थिए । तेस्रो एनपिएलमा तेस्रो खेल खेलेका उनको पहिलो अर्धसतक हो । यसअघि डेब्यु खेलमै लुम्बिनीविरूद्ध डक आउट तथा दोस्रो खेलमा चितवनविरूद्ध ८ रन मात्रै जोडेका थिए । ११औं ओभरमा जर्जले लुम्बिनीका कप्तान रोहितलाई दुई छक्कासहित १८ रन हिर्काएपछि खेल सुदूरको पक्षमा आएको थियो । ओपनिङ जोडी विनोद भण्डारीसँगै मन्सेले आक्रम ब्याटिङ गर्दै पावर प्लेमै ६० रन जोडेका थिए । विनोदले २७ बलमा तीन चौकासहित ३० रनको योगदान गरे ।

यसअघि पहिलो इनिङ्समा लुम्बिनीको लागि दिलिप नाथले सर्वाधिक अविजित ३९ रन बनाए । उनले ३१ बलमा तीन छक्का हिर्काएका थिए । दिलिप र अमेरिकी २३ वर्षीय अलराउन्डर अली शेखसँग पाँचौं विकेटको लागि ३३ रनको साझेदारी गरेका थिए । अलीले १२ बलमा समान दुई चौका र छक्कासहित २४ रन बनाए । यसअघि निरोशान डिकवेला र दिलिपले ३४ रनको साझेदारी गरेका थिए । कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ३० रन बनाए । ३१ बलमा दुई चौका प्रहार गरेका रोहित रन आउट भएका थिए । श्रीलंकन ब्याटर निरोशान डिकवेलाले १७ बलमा २८ रन बनाए । सुदूरको लागि स्कट कुगुलेइनले २ तथा हेमन्त धामी, थारिन्दु रात्नायेके र दीपेन्द्रसिंह ऐरीले समान एक विकेट लिए । अनिल खरेल र इशान पाण्डे विकेट विहिन भएका थिए ।

कर्पोरेट

● माछापुच्छे बैंक र रिज रेमिटबिच रेमिट्यान्स सम्झौता

काठमाडौं/ माछापुच्छे बैंक लिमिटेड र बेलायतको रेमिट्यान्स कम्पनी रिज रेमिट लिमिटेडबिच रेमिट् यान्स सेवा सञ्चालनसम्बन्धी सम्झौता भएको छ । नेपालमा रेमिट्यान्स सेवालाई थप सहज, सरल, सुरक्षित तथा विश्वसनीय बनाउने उद्देश्यसहित दुवै पक्षबिच सम्झौता भएको हो । यससँगै औपचारिक रेमिट्यान्स कारोबारसमेत सुरू भएको बताइएको छ ।

युरोपमा रहेका नेपाली तथा अन्य सेवाग्राहीले रिज रेमिटको मोबाइल एप प्रयोग गरी सहज रूपमा नेपालमा रकम पठाउन सक्नेछन् । पठाइएको रकम माछापुच्छे बैंकको एमबिएल रेमिटमार्फत भुक्तानी लिन सकिनेछ । साथै, माछापुच्छे बैंकसहित नेपालका अन्य बैंक तथा वित्तीय संस्थाका खातामा समेत सिधै रकम जम्मा गर्न सकिने व्यवस्था रहेको बैंकले जनाएको छ ।

यस सहकार्यले विदेशबाट नेपालमा रकम पठाउने प्रक्रियालाई थप सहज बनाउनुका साथै डिजिटल विप्रेषण सेवाको पहुँच विस्तार गर्ने अपेक्षा गरिएको बैंकले जनाएको छ । बैंकले देशभर १५६ शाखा, ८८ शाखारहित बैंकिङ सेवा र ११ एक्सटेन्सन काउन्टर, १९४ एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आएको छ ।

● हिमालयन बैंकलाई दुई अवार्ड

काठमाडौं/ हिमालयन बैंक लिमिटेड भिसा इन्टरनेसनलद्वारा आयोजित 'भिजा लिडरसिप कन्क्लेभ'मा दुईवटा प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ । व्यवसाय सुरूवातदेखि हालसम्मकै उच्चतम प्राप्ति (अक्वायरर) कायम गरेकामा बैंक सम्मानित भएको हो । बैंकलाई सम्मानसहित 'एक्सिलेन्स इन कन्ट्याक्सलेस अक्वायरिङ' र 'एक्सिलेन्स इन पोस अक्वायरिङ बिजनेस- प्रिन्सिपल क्लाइन्ट' अवार्ड प्राप्त गरिएको छ । यी सम्मानले बैंकले डिजिटल भुक्तानी तथा कार्ड कारोबारको क्षेत्रमा हासिल गरेको उपलब्धिलाई थप प्रोत्साहन गर्नुका साथै आगामी दिनमा अझ उत्कृष्ट सेवा प्रदान गर्न थप ऊर्जा र हौसला प्रदान गरेको बताएको छ ।

● सिद्धार्थ बैंक सम्मानित

काठमाडौं/ सिद्धार्थ बैंक विश्वप्रसिद्ध भुक्तानी सेवाप्रदायक संस्था भिसा इन्टरनेशनलद्वारा आयोजित 'भिजा लिडरसिप कन्क्लेभ' कार्यक्रममा दुईवटा प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ ।

बैंकले कार्ड व्यवसायमा देखाएको उत्कृष्ट प्रदर्शनका आधारमा 'एक्सिलेन्स इन कन्जुमर प्रिपेड कार्ड बिजनेस' र एक्लिसेन्स इन कन्जुमर क्रेडिट कार्ड बिजनेस' विधामा सम्मानित भएको हो ।

बैंकका अनुसार ग्राहकलाई सुरक्षित, छरितो तथा आधुनिक डिजिटल बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यअनुसार बैंकले क्रेडिट कार्ड तथा प्रिपेड कार्ड सेवा बिस्तार गर्दै आएको छ ।

यी उपलब्धिले बैंकको सेवा गुणस्तर, प्रविधिमैत्री नीति तथा बजारमा बढ्दो विश्वासलाई पुष्टि गरेको बैंकको भनाइ छ । असार मसान्तसम्म सिद्धार्थ बैंकले मात्रै ६९ हजार क्रेडिट कार्ड जारी गरेको छ ।

● एनएमबि बैंकलाई दुई अवार्ड

काठमाडौं/ एनएमबि बैंक लिमिटेडले दुई प्रतिष्ठित अवार्ड प्राप्त गरेको छ । भिजा लिडरसिप कन्क्लेभमा डिजिटल भुक्तानी र ग्राहकमुखी बैंकिङ सेवामा पुर्याएको उत्कृष्ट योगदानको कदर गर्दै बैंकलाई अवार्ड दिइएको हो । बैंक 'एक्सिलेन्स इन प्रडक्ट इनोभेसन' र 'एक्सिलेन्स इन कन्जुमर डेबिट कार्डस् बिजनेस, प्रिन्सिपल क्लाइन्ट'बाट सम्मानित भएको छ । यस सम्मानले ग्राहकको दैनिक वित्तीय कारोबारलाई सरल, सुरक्षित र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ डिजिटल सेवालाई निरन्तर परिष्कृत गर्दै लगेको बताइएको छ । साथै, डिजिटल बैंकिङको क्षेत्रमा बैंकले चाल्दै आएका नवीनतम पहल र निरन्तर प्रयासलाई थप पुष्टि गरेको बैंकको भनाइ छ ।

● कुमारी बैंक लगातार तेस्रो वर्ष दुई विधामा सम्मानित

काठमाडौं/ कुमारी बैंक लिमिटेड लगातार तेस्रो वर्ष पनि दुई विधामा सम्मानित भएको छ । भिसा इन्टरनेसनलद्वारा आयोजित 'भिजा लिडरसिप कन्क्लेभ' मा सीमापार कारोबार तथा उपभोक्ता क्रेडिट कार्ड व्यवसायमा उत्कृष्ट कार्यसम्पादन गरेकामा बैंक सम्मानित भएको हो ।

बैंकले 'एक्सिलेन्स इन क्रस बोर्डर बिजनेस' र 'एक्सिलेन्स इन कन्ज्युमर क्रेडिट काड्र्स बिजनेस प्रिन्सिपल क्लाइन्ट' विधामा अवार्ड प्राप्त गरेको हो । यसअघि यी दुवै विधामा लगातार तीन वर्षदेखि सम्मानित हुँदै आएको छ ।

उक्त सम्मानले अन्तर्राष्ट्रिय भुक्तानी सेवाको विस्तार, सीमापार कारोबारको प्रवर्द्धन तथा ग्राहककेन्द्रित कार्ड सेवामार्फत बैंकले हासिल गरेको व्यावसायिक उत्कृष्टतालाई प्रतिविम्बित गरेको बैंकको भनाइ छ । डिजिटल भुक्तानी प्रणालीको बढ्दो प्रयोगलाई ध्यानमा राख्दै बैंकले आफ्ना ग्राहकलाई सुरक्षित, सहज र नवीन भुक्तानी समाधान उपलब्ध गराउँदै आएको छ । विशेषगरी, भिसा कार्डमार्फत प्रदान गरिने सेवा तथा अन्तर्राष्ट्रिय कारोबारसम्बन्धी सुविधालाई थप प्रभावकारी बनाउने दिशामा बैंक सक्रिय रहेको जनाएको छ । बैंकले डिजिटल बैंकिङ, कार्ड सेवा तथा विद्युतीय भुक्तानी प्रणालीको विकास र विस्तारलाई प्राथमिकता दिँदै आएको छ ।

● एनआइसी एसिया बैंकद्वारा बाजुराको जनता माविलाई सहयोग

काठमाडौं । एनआइसी एसिया बैंकले बाजुराको हिमाली गाउँपालिका- ७, बाँधुस्थित जनता माध्यमिक विद्यालयलाई विशेष सहयोग प्रदान गरेको छ। आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयमा पठनपाठनलाई सघाउँदै गुणस्तरीय शिक्षा प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले सहयोग गरेको बैंकले जनाएको छ। दुर्गम क्षेत्रमा रहेको १२७ भन्दा धेरै विद्यार्थ अध्ययरत उक्त विद्यालयमा गत शुक्रबार एक विशेष कार्यक्रमबिच बैंकको बाजुरा शाखाका प्रमुख रामबहादुर बुढाले प्रधानाध्यापक मोहनजंग शाहीलाई विद्यार्थीका लागि विद्यालय पोसाक हस्तान्तरण गरे।

उक्त सहयोगले विद्यार्थीको पठनपाठनमा सहजता हुनुको साथै गुणस्तरीय शिक्षा प्राप्त गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

● भिसा इन्टरनेसलद्वारा नबिल बैंक दुई विधामा सम्मानित

काठमाडौं/ नबिल बैंकले भिसा इन्टरनेसनलद्वारा प्रदान गरिने दुई विधामा अवार्ड जितेको छ । बैंकले यस वर्ष एक्सिलेन्स इन कन्ट्याक्टलेस इसुइङ र एक्सिलेन्स इन इ-कमर्स एक्वायरिङ बिजनेस प्रिन्सिपल क्लाइन्ट विधामा हासिल गरेको हो ।

सोमबार आयोजित भिसा लिडरसिप कन्क्लेभमा नबिल बैंकका प्रतिनिधिले उक्त विधाका अवार्ड ग्रहण गरेका थिए । यसअघि पनि उक्त विधामा नबिल बैंक सम्मानित हुँदै आएको छ । नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले यस अवार्डले ग्राहकवर्गको सुविधा र सहजतालाई ध्यानमा राखी निरन्तर नवीनता र नवप्रवर्तनलाई आत्मसात् गर्न थप ऊर्जा प्राप्त भएको बताए ।

● सिटी एक्सप्रेस इन्भेस्टमेन्ट फन्ड बालाजु क्षेत्रकै सर्वाधिक आयकर दाखिला गर्ने करदाता घोषित

काठमाडौं/ सिटी एक्सप्रेस ग्रुपको सहायक कम्पनी सिटी एक्सप्रेस इन्भेस्टमेन्ट फन्ड प्रालि आन्तरिक राजस्व कार्यालय, बालाजुको कार्यक्षेत्रभित्र सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाताका रूपमा सम्मानित भएको छ। राष्ट्रिय कर दिवस- २०८३ तथा कर सप्ताहको अवसरमा आन्तरिक राजस्व कार्यालय, बालाजुद्वारा आयोजित विशेष समारोहमा कम्पनीलाई कदरपत्रसहित सम्मान गरिएको हो।

आर्थिक वर्ष ०८१/८२ मा कार्यालयको कार्यक्षेत्रभित्र सर्वाधिक आयकर दाखिला गरी राज्यको राजस्व संकलन तथा राष्ट्रिय आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याएको भन्दै कम्पनीलाई उक्त सम्मान प्रदान गरिएको हो।

कम्पनीले राज्यको कर नीति तथा प्रचलित कानुनको पूर्ण पालना गर्दै पारदर्शी र जिम्मेवार व्यावसायिक अभ्यासमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउन पाउनु गौरवको विषय भएको जनाएको छ। प्राप्त सम्मानले आगामी दिनमा अझ बढी उत्तरदायी, पारदर्शी र व्यावसायिक रूपमा अघि बढ्दै लगानी तथा वित्तीय सेवाको विस्तार गर्न थप ऊर्जा र प्रेरणा मिलेको कम्पनीले विश्वास व्यक्त गरेको छ। स्मरणीय छ, सिटी एक्सप्रेस ग्रुपअन्तर्गतका अन्य भगिनी संस्थाहरूले समेत विगतमा आ-आफ्नो व्यावसायिक क्षेत्रबाट उत्कृष्ट करदाताको सम्मान प्राप्त गर्दै आएका छन्। यसले समूहको करप्रतिको प्रतिबद्धता, वित्तीय अनुशासन र जिम्मेवार व्यावसायिक अभ्यासलाई थप उजागर गरेको छ।

● सञ्चालनमा आयो नबिल बर्न केयर वार्ड

काठमाडौं/ धुलिखेल अस्पतालपरिसरमा स्थापना गरेको १० शङ्ढयाको नबिल बर्न केयर वार्ड सञ्चालनमा आएको । उक्त बर्न केयर वार्डको बैंक सञ्चालक समितिका अध्यक्ष निर्वाणकुमार चौधरी र धुलिखेल अस्पतालका संस्थापक तथा कार्यकारी निर्देशक डा. रामकण्ठ माकजुले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । नेपालमा विशिष्टीकृत जलन उपचार तथा पुनर्स्थापना सेवाको पहुँच विस्तार गर्दै यसको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले उक्त वार्ड स्थापना गरिएको बताइएको छ ।

'नबिल केयरअन्तर्गत सहयोगप्राप्त यस वार्डले जलनका बिरामीलाई गुणस्तरीय, विशेषज्ञतायुक्त तथा बिरामीकेन्द्रित उपचार सेवा प्रदान गर्न धुलिखेल अस्पतालको क्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । यस पहलमार्फत यसअघि सुदूरपश्चिम, लुम्बिनी, कर्णाली र मधेश प्रदेशमा सञ्चालन गरिएका निःशुल्क जलन शल्यक्रिया शिविरमार्फत नबिल केयरले गर्दै आएको सहयोगलाई थप विस्तार गरेको बैंकले जनाएको छ ।नबिल बर्न केयर वार्डको स्थापनाले यस्ता सेवामा बिरामीको पहुँच सहज बनाउनुका साथै नेपालमा विशिष्टीकृत जलन उपचार सेवाको दीर्घकालीन विकासमा योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

अध्यक्ष चौधरीले समाजका महत्वपूर्ण आवश्यकता सम्बोधन गर्न निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गरे । बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले जलनसम्बन्धी विशिष्टीकृत स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच विस्तार गर्न सहकार्य आवश्यक रहेको बताए । धुलिखेल अस्पतालका संस्थापक तथा कार्यकारी निर्देशक डा. श्रेष्ठले नबिल बैंकको सहयोगप्रति आभार व्यक्त गर्दै यस सहकार्यले नेपालमा विशिष्टीकृत जलन उपचार सेवाको विकासमा महत्वपूर्ण योगदान पुर्याउने उल्लेख गरे ।

● टिभिएस-जगदम्बाद्वारा संघ-संस्थालाई २५ मोटरसाइकल हस्तान्तरण

काठमाडौं/ नुवाकोट र रसुवाका सरकारी कार्यालय, अस्पताल, प्रहरी कार्यालय, विद्यालय तथा स्थानीय संघ-संस्थालाई २५ वटा टिभिएस अपाचे मोटरसाइकल हस्तान्तरण गरिएको छ ।

स्थानीय समुदायलाई सेवा प्रदान गर्दै आएका संस्थाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने र उनीहरूको आवागमन सहज बनाउने उद्देश्यले सहयोग गरिएको दुवैले बताएका छन् ।

हस्तान्तरण गरिएका मोटरसाइकलमध्ये जिल्ला प्रहरी कार्यालय नुवाकोट र रसुवालाई पाँच-पाँचवटा, नुवाकोट केन्द्रीय कारागारलाई एक, विदुर नगरपालिकालाई दुईवटा रहेका छन् । त्यसैगरी, त्रिशूली अस्पताललाई एक, त्रिभुवन त्रिशूली माविलाई एक, चण्डेश्वरी माविलाई एक, आमाछोदिङ्मो गाउँपालिकालाई एक, हाकु स्वास्थ्य चौकीलाई एकवटा मोटरसाइल प्रदान गरिएको हो । साथै, हाकु माविलाई एक, गोसाईंकुण्ड आधारभूत विद्यालयलाई एक, ग्रे माविलाई एक, उत्तरगया गाउँपालिकालाई एक, दाङदाङे, थुलोगाउँ र लहरेपौवा स्वास्थ्य चौकीलाई एक-एकवटा मोटरसाइकल हस्तान्तरण गरिएको कम्पनीले जनाएको छ ।

● ३९ करोड पुग्यो चाइना ट्रेड सहकारीको कर्जा लगानी

काठमाडौं/ चाइना ट्रेड सहकारीको कर्जा लगानी ३९ करोड रूपैयाँ पुगेको छ । आर्थिक वर्ष ०८२/८३ सम्म संस्थाको कुल निक्षेप ७५ करोडभन्दा बढी पुगेको १९औं वार्षिक साधारणसभामा जानकारी गराइएको छ ।

१९ सय ७५ सेयर सदस्य रहेको संस्थाको कुल सेयर पुँजी करिब आठ करोड पुगेको छ । २९ जना संस्थापक सेयर सदस्यबाट सुरू भएको संस्थाको अहिले न्युरोड खिचापोखरीमा आफ्नै सुविधासम्पन्न भवन रहेको छ ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष लक्ष्मीप्रसाद उप्रेतीले वर्तमान चुनौतीपूर्ण आर्थिक परिवेशमा पनि चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाले सदस्य संख्या, सेयर र बचत रकममा गुणात्मक वृद्धि गर्न सफल भएको, प्रभावकारी रूपमा सामाजिक उत्तरदायित्व पूरा गरेको बताए ।

त्यस्तै, काठमाडौं महानगर- २२ का वडाध्यक्ष चिनकाजी महर्जनले सहकारी संस्था मात्र नभई स्थानीय विकास साझेदार, उद्यमशीलताको प्रवर्तक र समृद्धिको सहयात्रीका रूपमा सदस्यको विश्वास जित्न सफल नमुना सहकारी संस्था रहेको बताए ।

सभामा वरिष्ठ सहकारीविज्ञ कुबेर निरौलाले सफल सहकारीका लागि सदस्यको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । सभामा प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार श्रेष्ठले आगामी दिनमा अझ परिष्कृत डिजिटल सेवा र सदस्यकेन्द्रित कार्यक्रममार्फत उपस्थिति बलियो बनाउने बताए ।

● नेपाल-श्रीलंका चेम्बरको नयाँ कार्यसमिति निर्वाचित

काठमाडौं/ नेपाल-श्रीलंका चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीको २०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले नयाँ कार्यसमिति निर्वाचित गरेको छ। साधारणसभाबाट नरेन्द्र बल्लभ पन्त चेम्बरको नयाँ अध्यक्षमा निर्वाचित भएका छन्। राजेशकाजी श्रेष्ठलाई मानार्थ सदस्यको रूपमा सम्मान गरिएको छ भने विजयबहादुर श्रेष्ठलाई निवर्तमान अध्यक्ष (इमिडिएट पास्ट प्रेसिडेन्ट)को जिम्मेवारीमा राखिएको छ। प्रदीपलाल श्रेष्ठ वरिष्ठ उपाध्यक्ष तथा चंकी छेत्री र सुदेश उपाध्याय उपाध्यक्षमा निर्वाचित भएका छन्।

त्यसैगरी, शिवांगी शाह महासचिव, अभिषेक अग्रवाल कोषाध्यक्ष तथा मनिष राजभण्डारी र सुनिता सिंह सचिवमा निर्वाचित भएका छन्।

नवनिर्वाचित कार्यसमिति सदस्यहरूमा राजेश शाक्य, धीरज कार्की, सुमन श्रेष्ठ, रञ्जन खड्का, रश्मि जोशी, सुधीर अग्रवाल, विवेक झा, सुमेध शाक्य, रिकेन महर्जन र नवराज बजगाईं रहेका छन्। जय देवान र डा. हरिलाई सल्लाहकारको जिम्मेवारी दिइएको छ। साधारणसभामा नेपालका लागि श्रीलंकाका राजदूत रूवान्थी डेल्पिटियाले नेपाल र श्रीलंकाबिच व्यापारिक सम्बन्ध विस्तार गर्न व्यावसायिक प्रतिनिधिमण्डल आदानप्रदान, व्यापार मेला, प्रदर्शनी, बिटुबी भेटघाट तथा क्षेत्रगत सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन्।

राजदूत डेल्पिटियाले आगामी जनवरी १४ देखि १७ सम्म श्रीलंकामा आयोजना हुने एक्स्पो २०२७ मा नेपाली व्यवसायीहरूको सहभागिताका लागि आग्रह गर्दै उक्त प्रदर्शनीमा ३३ भन्दा बढी नेपाली खरिदकर्ता अनलाइनमार्फत दर्ता भइसकेको जानकारी दिइन्।

श्रीलंकाका लागि नेपालका राजदूत नियुक्त डा. मञ्चलाकुमारी झाले दुई देशबिच लामो समयदेखि कायम कूटनीतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्बन्धलाई बलियो आर्थिक साझेदारीमा रूपान्तरण गर्नुपर्ने बताइन्। सो अवसरमा नेपाल-श्रीलंका व्यापार, पर्यटन तथा व्यावसायिक सम्बन्धमा योगदान पुर्याएका व्यक्तित्वहरूलाई विभिन्न सम्मान प्रदान गरिएको थियो। राजेशकाजी श्रेष्ठलाई आउटस्ट्यान्डिङ सपोर्ट अनर, जय देवानलाई टुरिजम एक्सिलेन्स अवार्ड तथा चंकी छेत्रीलाई बिजनेस एन्ड ट्रेड एक्सिलेन्स अवार्ड प्रदान गरिएको हो।

● तल्लो अरुण पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य

काठमाडौं/ ६ सय ६९ मेगावाटको तल्लो अरूण जलविद्युत् आयोजना पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । प्रधानमन्त्री बालेन्द्र शाह र भारतीय समकक्षी नरेन्द्र मोदीले सोमबार संयुक्त रूपमा शिलान्यास गरेसँगै नियमित निर्माणकार्य अघि बढाउने तयारीमा कम्पनी छ । तल्लो अरूण भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)ले निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडेलमा निर्माण गर्दै छ ।

परियोजनाको अनुमानित लागत ५७ अर्ब ९२ करोड ३७ लाख भारू रहेको छ । त्यसमा सिभिल निर्माणमा ३६ अर्ब ३४ करोड भारू, इलोक्ट्रोमेकानिकलमा १२ अर्ब ३७ करोड भारू, ब्याजमा आठ अर्ब ९९ करोड भारू र वित्तीय शुल्कमा २० करोड भारू खर्च हुनेछ । नेपाली रूपैयाँमा कुल ९२ अर्ब ६७ करोड ७९ लाख लागत अनुमान गरिएको छ ।

सम्झौताअनुसार परियोजना सञ्चालन अवधिमा नेपालले २१ प्रतिशत निःशुल्क बिजुली पाउनेछ । यसैगरी, आयोजना प्रभावितलाई मासिक ३० युनिट विद्युत् पनि निःशुल्क दिने सम्झौता छ । यो नेपालले पाउने २१ प्रतिशत विद्युतभन्दा अतिरिक्त हो । यसैगरी, कम्पनीले स्थानीयलाई १० प्रतिशत र १५.१ प्रतिशत सर्वसाधारणलाई सेयर पनि बिक्री गर्नेछ । कम्पनीले स्थानीय विकासका लागि आयोजनाको कुल लागतको ०.५ प्रतिशत रकम खर्च गर्ने सहमति पनि रहेको छ ।

बालेन...

विवादको विषय नै उठाउँदै उठाएनन् । सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुरासम्बन्धी सीमा विवाद लगायत लामो समयदेखि थाती रहेका द्विपक्षय महत्वपूर्ण मुद्दाले प्राथमिकता नै पाएनन् । उनै साहले काठमाडौ महानगरको मेयर रहँदा आफू बस्ने कुर्सीको पछाडि ग्रेटर नेपालको नक्सा राखेर भारतले नेपालको भूमि मिचेको विषयको विरोध गर्दे आएका थिए । तर आफ्नो दुई दिने भ्रमणमा त्यस विषयमा उनले कुरा नउठाएको सम्बद्ध अधिकारीहरूले बताएका छन् । यसरी प्रधानमन्त्री साहले सत्ताप्रत्तिको लागि मात्र भारतविरोधी अभिव्यक्ति दिएका र मेयर हुँदा समेत आफ्नो कुर्सीको पछाडि ग्रेटर नेपालको नक्सा राखेर नेपाली जनतालाई भुक्याएर आफ्नो स्वार्थ पूरा गरेको आरोप उनीमाथि लाग्दै आएको छ ।

विगतमा भएका नेपाल भारतबीचको सहमति सम्झौताहरु अहिलेसम्म पनि कार्यान्वयन हुन सकेका छैनन् । २०७२ सालमा नेपालमा गएको भूकम्पको बेला पनि भारतले नेपाललाई ठुलो सहयोग गर्ने प्रतिवद्धता जनाएको थियो त्यसबेला केही आर्थिक सहायता अनुदान सहित र सहुलियत दरमा ऋण उपलब्ध गराउने सहमति भएकोमा त्यो सहुलियतपूर्ण ऋण भने कार्यान्वयनमै आएन त्यसैले गर्दा प्रधानमन्त्री बालेन साहको भारत भ्रमणमा भएको सहमति कार्यान्वय हुन्छ भन्ने विश्वास गरिहाल्न सकिने अवस्था देखिँदैन ।

भारतले नेपाललाई भोटेकोशी बाढी पछिको पुर्ननिर्माण र दीर्घकालिन विकासका लागि २ खर्ब ४० अर्ब रूपैँया बराबरको आर्थिक सहयोगका घोषणा गरेको छ । त्यसमा नयाँ सहयोग मध्ये ५६ अर्ब रूपैँया अनुदान र १ खर्ब ८४ अर्ब रूपैँया सहुलियतपूर्ण ऋण हुनेछ विज्ञप्तिमा जनाइएको छ । अनुदान विपद्पछिको पुर्ननिर्माण र नयाँ पूर्वाधार आयोजनामा खर्च गरिनेछ भने ऋण उर्जा क्षेत्रका परियोजनाका लागि उपलब्ध गराउने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाल भारतबीचमा भएको सहमतिमा कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ता सहितका सीमा विवादलाई थापी राखिएको छ भने बहुप्रतिक्षित १९५० को शान्तिमैत्री सन्धीको पुनरावलोकन, इजीपी प्रतिवेदन कार्यान्वयन, दक्षिणी एसियाली क्षेत्रीय सहयोग संगठन(सार्क)को सक्रियता, व्यापार तथा पारवहन, भारतसँगको बढ्दो व्यापार घाटा, भारतीय बजारमा नेपाली सामानको पहुँच, भारतमा बसोबास गर्ने नेपालीले भोग्नु परेका समस्या र पञ्चेश्वर बहुउपयोगी परियोजना जस्ता महत्वपूर्ण विषयलाई थाती राखेर झिना मसिना कुराहरुका सहमति गरिनुलाई सामान्य रूपमा लिनुपर्दछ ।

सहमति भएका विषयहरु मध्येको काठमाडौ-भैरहवा-लखनऊ हवाई रूटलाई दुईतर्फी बनाउने, ६६९ मेगावाटको तल्लो अरूण जलविद्युत आयोजनाको शिलान्यास, बनबासस्थित एकीकृत जाँच चौकीको शिलान्यास र भारतले थप दुई नाका उपलब्ध गराउने सहमति भएपनि काठमाडौ काठमाडौ-भैरहवा-लखनऊ हवाई रूटलाई दुईतर्फ बनाउने सहमति भएपनि सो विषय टुँगिएको होइन त्यसको विस्तृत अध्ययानपछि मात्र त्यस विषयमा टुँगो लाग्ने भएकाले गर्दा अहिलेकै अवस्थामा प्रधानमन्त्री बालेन साहको भारत भ्रमण र त्यस क्रममा भएका भनिएका केही सहमतिलाई ठुलो उपलब्धि भयो भनेर सत्ताधारी दल र सरकारले प्रचार प्रसार गर्नु कुनै औचित्य देखिँदैन ।

आफ्नै देशका राजनीतिक दलहरुका नेताहरूलाई विश्वासमा लिएर अघि बढ्न नसक्ने प्रधानमन्त्री साहले भारतीय प्रधानमन्त्री सहितका अन्य सरकारी उच्च तहका व्यक्तिहरूलाई विश्वासमा लिन सक्ने अवस्था नै थिएन । किन कि आफ्नो देशमा राष्ट्रिय सहमति गरेर भारत भ्रमणमा गएका भए उनैलाई बल पुग्थ्यो त्यसबेला सिंगो मुलुकको प्रतिनिधि हुनु थियो त्यसमा साह चुकेका छन् । त्यसैले गर्दा काठमाडौ महानगरपालिकाका तत्कालिन मेयर बालेनले केपी ओलीको २०८२ को चीन भ्रमण अघि लेखेको स्टाटस देखाटीमात्र भएको र जनतालाई भ्रम पार्ने प्रयासमात्र भएको प्रष्ट भएको छ ।

चीन..

शुल्कलाई गैरकानुनी ठहर गरेपछि ह्वाइट हाउसले गत मार्चमा विभिन्न देशका व्यापारिक अभ्यासबारे अनुसन्धान सुरू गरेको थियो । सोही अनुसन्धानका आधारमा नयाँ शुल्क घोषणा गरिएको हो ।

बीबीसीका अनुसार चीन, युरोपेली सङ्घ, सिंगापुर, स्विट्जरल्यान्ड, इन्डोनेसिया, मलेसिया, कम्बोडिया, थाइल्यान्ड, दक्षिण कोरिया, भियतनाम, ताइवान, बंगलादेश, जापान र भारतमा नयाँ शुल्क लगाउने प्रस्ताव गरिएको छ ।अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीयरले नयाँ शुल्कले अमेरिकी श्रमिकका लागि समान प्रतिस्पर्धाको वातावरण सिर्जना गर्ने र विश्व अर्थतन्त्रलाई दिगो दिशामा अघि बढाउने दाबी गर्नुभएको छ ।

उहाँले अमेरिकाका व्यापारिक साझेदारहरूले दशकौँदेखि उत्पादन, ज्याला तथा श्रम व्यवस्थापनलाई लक्षित गरी अपनाएका औद्योगिक रणनीति र बजार प्रभावित पार्ने अभ्यासका कारण अमेरिकी उत्पादन आधार कमजोर बनेको आरोप लगाउनुभएको छ ।भन्सार शुल्क विदेशबाट आयात हुने वस्तुमा लगाइने कर हो । सामान्यतया वस्तुको मूल्यको निश्चित प्रतिशतका आधारमा यस्तो कर निर्धारण गरिन्छ र आयातकर्ताले सरकारलाई बुझाउँछन् ।

यद्यपि, ट्रम्पले केही देशसँग शुल्कसम्बन्धी सहमति गरिसकेकाले प्रस्तावित दर प्रभावकारी रूपमा कम हुन सक्ने जनाइएको छ । देशअनुसार शुल्कको दर पनि फरक हुनेछ । अर्थशास्त्रीहरूले भने भन्सार शुल्कले मुद्रास्फीति बढाउन सक्ने चेतावनी दिएका छन् । आयात लागत बढेपछि व्यवसायीले त्यसको भार उपभोक्तामाथि सार्दा वस्तुको मूल्य बढ्न सक्ने र यसले विश्व व्यापारमा समेत संकुचन ल्याउन सक्ने उनीहरूको भनाइ छ ।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अमेरिकी उत्पादन र रोजगारी वृद्धि गर्ने तथा व्यापार घाटा घटाउने उद्देश्यले पटक-पटक भन्सार शुल्क लगाउने नीति अघि सार्दै आउनुभएको छ । रिपब्लिकन पार्टीले मध्यावधि निर्वाचनमा कमजोर नतिजा हासिल गरे पनि उहाँले आफ्नो प्रमुख व्यापार नीतिलाई निरन्तरता दिनुभएको छ ।

एकै पटक...

नभएपनि प्रदेशसभाको निर्वाचन गराउन समस्या देखिएको छ ।

चैत्रमा स्थानीय तह र प्रदेशसभाको निर्वाचन गराउँदा स्थानीय तहका जनप्रतिनिधिहरूको म्याद करिब २ महिनामात्र बाँकी रहने भएकाले त्यमा कुनै समस्या नदेएिपनि प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि भने आउँदो मंसिरमा मात्र समाप्त हुने हुँदा चैत्रमा निर्वाचित भएका जनप्रतिनिधिहरूले झण्डै ८ महिनासम्म कुर्नु पर्ने अवस्था रहने भएकाले गर्दा र पहिला नै रहेका प्रदेशसभाका जनप्रतिनिधिहरूले मनमरी निर्णय गरेर पछि आउने जनप्रतिनिधिहरूको अधिकारमाथि हस्तक्षेप गर्न सक्ने भएकाले गर्दा एकै पटक स्थानीय र प्रदेशसभाको निर्वाचन गराउन समस्या देखिन्छ ।

राजनीतिक दलहरूले एकैपटक दुवै निर्वाचन गराउन सहमति जनाएपनि प्रदेशसभाका जनप्रतिनिधिहरूले त्यसलाई स्वीकार गर्न सक्ने अवस्था नरहेको र संविधानको समेत उल्लंघन हुने निश्चित नै छ । के राजनीतिक दल र सरकारले सहमति गरेरै संविधानको उल्लंघन गर्न मिल्छ त ?

स्थानीय तहको जनप्रतिनिधिहरु जनताको घरदैलोको नेता भएका र उनीहरूले समेत स्थानीय तहको सरकारको काम गर्ने भएकाले गर्दा स्थानीय तहको निर्वाचन पछि सार्न सकिने अवस्था रहँदैन । प्रदेशसभा जनप्रतिनिधिहरूको पदावधि २०८४ मा मात्र सकिने भएकाले गर्दा एकै पटक दुवै तहको निर्वाचन गर्दा एकातिर संविधानको उल्लंघन हुने र अर्कोतिर ऐनमा स्थानीयत तहको जनप्रतिनिधिहरूको पदावधि सकिनु भन्दा २ महिना अघि नै निर्वाचन सम्पन्न गराउनुपर्ने व्यवस्था भएकाले त्यसलाई संशोधन गरेर सहमतिका आधारमा फरक फरक ढँगले स्थानीय तह र प्रदेशसभाको निर्वाचन संविधानमा व्यवस्था भएनुसार नै गराउन उयर्पुक्त हुनेछ ।

निर्वाचन...

जेष्ठ २०८४ मा सकिनेछ भने प्रदेशसभाको जनप्रतिनिधिहरूको पदावधि २०८४ मंसिर मा मात्र सकिनेछ । संविधानमा स्थानीय तह र प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि पाँच वर्षको हुने व्यवस्था गरिएको छ भने निर्वाचन कानुनमा भने स्थानीय तहका जनप्रतिनिधिहरूको पदावधि सकिनु भन्दा दुई महिना अघि नै निर्वाचन गराउनुपर्ने व्यवस्था गरिएकोले अहिले समस्या देखिएको छ । स्थानीय तहका जनप्रतिनिधिहरु नहुँदा जनताले समस्या भोग्नुपर्ने अवस्था आउन सक्छ त्यही कारणले गर्दा बरू स्थानीय तह निर्वाचन ऐन नै संशोधन गरेर उपर्युक्त निर्णय लिुन उपर्युक्त हुनेछ ।

निर्वाचन आयोगले संविधानभन्दा बाहिर गएर कुनै काम कारबाही गर्न सक्दैन । संविधान नै मूल कानुन भएकाले ऐनको व्यवस्थालाई टेकेर आयोग अघि बढ्न सक्ने सम्भावना देखिँदैन । त्यही कारणले गर्दा निर्वाचन ऐन संशोधन गरेर पदावधि सकिनु एक महिना अघि निर्वाचन गराउनुपर्ने वा ५ वर्षको पदावधि सकिनु एक महिना अघि निर्वाचन गराउनुपर्ने वा ५ वर्षको पदावधि सकिनुभन्दा १५ दिन अघि निर्वाचन गराउनु पर्ने व्यवस्था गरिएको खण्डमा केही सहज हुन्छ ।

प्रदेशसभा र स्थानीय तहको निर्वाचन एकै पटक गर्दा खर्च कम हुने भएपनि प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि आउँदो मंसिरमा मात्र सकिने भएकाले दुवै तहको निर्वाचन चैत्रमा गराउन कुनै सर्तमा पनि उपर्युक्त हुन सक्दैन भने त्यो संविधान विपरितको कार्य हुनेछ ।

प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि झण्डै ८ महिना बाँकी हुँदै निर्वाचन गराएर त्यसबाट आउने नयाँ जनप्रतिनिधिहरूलाई सेत तलब भत्ता दिनुपर्ने र संविधानकै उल्लंघन हुने देखिन्छ । दलहरूले सहमति गरेर संविधानको उल्लंघन गर्न मिल्छ त ?

विवादित...

पुर्ननिर्माण र विकासका लागि २ खर्ब ५० अर्ब काठमाडौ-भैरहवा-लखनउ हवाई रूटलाई दुईतर्फी बनाउने सहमति, अयोध्या जनकपुर रेल उद्घोटन, दार्चुला-धार्चुला सीमापार, भोटेखोला पुलको उद्घाटन, ६६९ मेगावाटको तल्लो अरूण जलविद्युत आयोजनाको शिलान्यास, सिलगुढी, झापा पेट्रोलियम पाइपलाइनको शिलान्यास, बनबाँसास्थित एकीकृत जाँच चौकीको शिलान्यास र निर्माण सम्पन्न भै सकेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरण भारतबाट नेपाललाई हस्तान्तरण भएको छ ।

भारतले दिने भनिएका २ खर्ब ४० अर्ब मध्येको ५६ अर्ब अनुदान र १ खर्ब ८४ अर्ब सहुलियतपूर्ण ऋण रहेको छ । अनुदान रकम विपदपछिको पुर्ननिर्माण र नयाँ पूर्वाधार आयोजनामा खर्च गरिनेछ भने ऋण भने उर्जा क्षेत्रका परियोजनाका लागि मात्र उपलब्ध गराइने सहमति भएको छ ।

२०७२ सालमा गएको भूकम्पपछि पनि भारतले घोषणा गरेको १ अर्ब डलर मध्ये सहुलियतपूर्ण कर्जा अन्तरगतको ठुलो हिस्सा उपयोग नै हुन सकेको थिएन । भारतीय एक्जिम बैंकको कडा सर्तले सहुलियतपूर्ण कर्जा अर्न्तगतको ठुलो हिस्सा उपयोग नै हुन सकेको थिएन । त्यही कारणले गर्दा मुख्यतय शिक्षण संस्था र स्वास्थ्य संस्थाको पुननिर्माण नै हुन सकेन ।

यस पटकको प्रधानमन्त्री बालेनको भ्रमणमा दिने भनिएको १ खर्ब ८४ अर्ब रूपैँया बराबरको आर्थिक सहयोग मध्येको रकम पनि भारतीय एक्जिम बैंक मार्फत नै खर्च हुने भएकाले गर्दा एक्जिम बैंकले विगतको जस्तो कडा सर्त राखेको खण्डमा त्यो खर्च हुन सक्ने सम्भावना न्युन रहेको विगतले नै देखाएको छ ।

विवादित मुद्दाहरूको समाधान हुनुपर्नेमा त्यस्ता विवादित मुद्दाहरूलाई थाती राख्दै अघि बढेको खण्डमा विवादित मुद्दाहरु कहिले र कसरी अनि कसले समाधान गर्ने भन्ने प्रश्न समेत उठ्ने गरेको छ ।

प्रधानमन्त्री बालेनले काठमाडौ महानगरको मेयर रहेको बेला आफ्नो कार्यालयमा ग्रेटर नेपालको झण्डा राखेका थिए तर उनी भारतको भ्रमण गएका बेला त्यस विषयमा एक शब्दसम्म उच्चारण गर्न सकेनन् आखिर किन ? त्यसैले भन्न सकिन्छ सस्तो लोकप्रियताका लागि सत्तामा पुगेपछि बालेनले पनि त्यही गरे जसरी यस अघिका प्रधानमन्त्रीहरूले गर्दै आएका थिए ।

के एकै...

दलहरूमा जसपा, जनमत, प्रलोपा, आजपा र नागरिक उन्मुक्ति पार्टी रहेका छन् । स्थानीय तहका हालका जनप्रतिनिधिहरूको पदावधि २०८४ जेष्ठमा समापत हुनेछ भने प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि आउँदो मंसिर ०८४ मा समाप्त हुने भएकाले निर्वान आयोगले दुवै तहको निर्वाचनका लागि राजनीतिक दलहरूसँग छलफल जारी राखेको छ । अहिले राष्ट्रिय मान्यता पाएका दलहरु रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राप्रपा र श्रम संस्कृति पार्टी रहेका छन् ती पार्टीहरूसँग आयोगले एक चरणको छलफल समाप्त गरिसकेको भएपनि संसद बाहिर रहेका दलहरूसँग भने आयोगले हालसम्म छलफल नै गरेको छैन । निर्वाचन आयोग स्थानीय तह र प्रदेसशभाका निर्वाचन एकै पटक गराउन चाहान्छ भने बालेन सरकारको पनि त्यही चाहना रहेको बताइएको छ । तर संविधानमा स्थानीय तह र प्रदेशसभाका सस्यहरूको पदावधि पाँच वर्ष हुनेछ भन्ने उल्लेख गरिएकोमा स्थानीय तह ऐनले भने स्थानीय तहको पदाधिकारीको पदावधि सकिनुभन्दा दुई महिना अघि नै निर्वाचन गराउनुपर्ने उल्लेख गरिएकाले स्थानीय तहको निर्वाचन गराउन आयोगलाई कुनै समस्या नभएपनि चैत्रमा एकै चोटी स्थानीय तह र प्रदेशसभाको निर्वाचन गराउन आयोगलाई संविधान बाधक रहेको छ ।

प्रदेशसभाका पदावधि २०८४ मंसिरमा मात्र सकिने हुाले २०८३ मै निर्वाचन गराउन संविधान बाधक रहेको र प्रदेशसभाका जनप्रतिनिधिहरूको पदावधि करिब ८ महिना बाँकी हुँदाहुदै निर्वाचन गराउनु संविधानको उल्लंघान मात्र नभएर प्रदेशसभाको जनप्रतिनिधिहरूको ५ वर्षे कार्यकाल अधुरो नै रहने हुनाले फरक फरक समयमा स्थानीय तह र प्रदेशसभाको निर्वाचन गराउनुपर्ने हुन्छ । मुलुकको आर्थिक आवस्थालाई हेर्दा निर्वाचनको ठुलो आर्थिक भारपर्ने भएकाले सबै राजनीतिक दलहरूले सहमति गरेर नै अघि बढ्नु आवश्यक रहेको छ ।

प्रधानमन्त्रीको...

उपलब्ध गराउने तर कडा सर्त राखेर सहुलियतपूर्ण ऋण प्रयोग गर्न अवरोध गर्ने यस अघिको उदाहरण रहेकाले अहिले दिने भनिएको १ खर्ब ८४ अर्ब सहुलियतपूर्ण ऋण पनि कार्यान्वयनमा जान्छ भन्ने विश्वास गर्न सकिने आधार देखिएको छैन । तेस्रो मुलुकसँग आयात निर्यात गर्न भारतले नेपाललाई उडिसाको पारादिप र गुजरातको कान्डला बन्दरगाहको पहुँच दिने र एकीकृत जाँच चौकी बनाउने विषय समावेश भएपनि निर्यातको मुख्य बाधकको रूपमा रहेको गैरभन्सार अवरोध हटाउने विषयले छलफलमा प्रवेश नै नभएकाले नेपाललाई केही बेफाइदा हुन सक्ने सम्भावना देखिन्छ । यस पटकको प्रधानमन्त्रीको भारत भ्रमणमा विकसित भारत सन्तुलन नेपाल साझेदारी पुर्नकीलपना शिर्षकको ज्वाइन्ट भिजन सार्वजनिक भएको छ । यसमा १० स्तम्भमा केन्द्रीत रही विस्तृत चर्चा गएकोमा उल्लेखित कतिपय विषयह नेपाल भारतबीचमा विगतमै सहकार्य हुँदै आएका विषयलाई समेत समेटिएको छ ।

नयाँ विषयमा एकीकृत ठाउँ राखेर दस्तावेजीकरण गरिएको छ । यस विषयले साझा मुद्दालाई उठाउन बल पुग्न सक्ने सम्भावना समेत रहेको छ । यी सबै कारणहरूले गर्दा प्रधानमन्त्री बालेन साहको भारत भ्रमणलाई पनि विगतकै निरन्तरतता भन्न करै लाग्छ ।

एउटै...

समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्य सोही संसदीय दलको सदस्य भएको मानिने कानूनी व्यवस्था रहेको छ ।

मधेशवादी दलहरु २०८२ फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा नराम्रोसाग पराजित भएका र मधेशवादी दलहरु समेत धेरै भएकाले उनीहरूले एउटै निर्वाचन चिन्हबाट स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा एउटै निर्वाचन चिन्हबाट निर्वाचनमा सहभागि हुने सहमति गरेका भएपनि जसपा नेपाल र जनमत पार्टीबीचमा निकट सम्बन्ध नभएकाले एउटै निर्वाचन चिन्ह लिएर निर्वाचनमा गएपछि त्यसले कस्तो परिणाम देला भन्ने चिन्ता मधेशवाद दलहरूमा रहेको छ ।

उपेन्द्र यादवले नेतृत्व गरेको जसपा लामो समयसम्म विगतमा सरकारमा सहभागि भएको भएपनि दल टुटफुटको कारण र दलभित्रको आन्तरिक विवादले गर्दा फागुन २१ गते भएको संघीय संसदको निर्वाचनमा नराम्रोसँग पराजित भएको थियो भने नागरिक उन्मुक्ति पार्टी समेत विभाजित भएको छ । अर्को तर्फ सिके राउतले नेतृत्व गरेको जनमत पार्टी टुटफुट भएकाले मधेशवादी दलहरु एउटै निर्वान चिन्ह लिएर आउँदो स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा जान सहमत भएका छन् ।

२०८२ फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा मधेश प्रदेशबाट जम्मा ३२ सिट रहेकामा रास्वपाले ३० सिट जित हाँसिल गरेको थियो भने कांग्रेसले २ सिट रहेकोले गर्दा मधेशवादी दलहरूले मधेश प्रदेशमा पहिलाकै अवस्था प्राप्त गर्न मधेशवादी दलहरु स्थानीय तह र प्रदेशसभाको निर्वाचनमा एउटै निर्वाचन चिन्ह लिएर निर्वाचनमा जान सहमत भएका हुन् ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौ • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार